

विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदूर

The Worker Daily

दैनिक

Website : www.onlinemajdoor.com



उपभोक्ताको जानकारी पाउने अधिकारको रक्षा गरौं

वस्तु उत्पादक कम्पनीहरुले आफ्नो उत्पादनमाः

- उत्पादकको नाम, ठेगाना र उद्योग दर्ता नम्बर,
- खाद्य पदार्थ र औषधि जस्ता वस्तुमा मिश्रण, परिमाण र तौल,
- गुणस्तर निर्धारण भएको वस्तुमा गुणस्तर चिन्ह,
- वस्तु उपभोग गर्ने तरिका,
- वस्तुको उपभोग गर्दा हुन सक्ने प्रभाव,
- वस्तुको मूल्य, ब्याच नम्बर, उत्पादन मिति र उपभोगको म्याद सकिने मिति उल्लेख गर्नु पर्दछ ।

त्यस्तो गरेको नपाइए तत्काल वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रशासनमा उजुरी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष : २६ ★ अङ्क : ५२ ★ ने. सं. ११४४ चिल्ला थ्व, षष्ठी ★ शुक्रबार ★ २ चैत, २०८० ★ March 15, 2024, Friday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


## अध्यक्ष बिजुक्छेँसँग महिला कबड्डी प्रतियोगिताका खेलाडीहरूको भेट : खेलाडीहरूद्वारा ख्वप कलेज र ख्वप अस्पतालको अवलोकन




भक्तपुर, १ चैत । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले खेलकुदलाई अतिरिक्त क्रियाकलापसँग मात्र नजोडी देशको शिक्षा, स्वास्थ्य र संस्कृतिसँग पनि जोड्नुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा भइरहेको अन्तरनगर महिला कबड्डी प्रतियोगिताका सहभागी खेलाडीहरूसँग भेटघाट कार्यक्रममा अध्यक्ष बिजुक्छेँले खेलकुदमा महिलाहरूको प्रस्तुति रोचक भएको बताउँदै महिलाहरूले खेल जीवनलाई निरन्तरता दिनुपर्छ भन्नुभयो ।

विकसित देशहरूले खेलकुदको विषयमा विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्ने व्यवस्था गरेको प्रसङ्ग जोड्दै उहाँले नेपालमा पनि बिस्तारै खेलकुद विषयको अध्ययन अध्यापन र उच्च शिक्षा पाउने बन्दोबस्त हुँदै जाने विश्वास दिलाउनुभयो ।

खेल शारीरिक र मानसिक स्वास्थ्यको लागि आवश्यक विषय भएको उल्लेख गर्दै उहाँले अनुशासन, समय परिपालना खेलाडीहरूको राम्रो र स्वागतयोग्य पक्ष भएको बताउनुभयो ।

प्रतियोगिता अवधिभर खेलाडीहरूलाई उत्साहित बनाइराख्नुपर्ने भन्दै अध्यक्ष बिजुक्छेँले विद्यार्थी जीवनमा सिकेको ज्ञान र सिप जीवनभर अङ्गीकार गर्नुपर्ने बताउनुभयो ।

खेलकुद देश विदेशको राजनीति र लडाइँसँग पनि जोडिएको विषय भएको स्पष्ट पार्दै उहाँले अन्तर्राष्ट्रिय जगतमा खेलाडीहरूले आफूलाई देशको राजदूतको रूपमा प्रस्तुत गर्नुपर्छ भन्नुभयो ।

देशको रक्षा गर्न र शत्रुमाथि हमला गर्ने भावनाले खेलकुदलाई अगाडि बढाउनुपर्नेमा जोड दिँदै उहाँले खेलाडीहरूले नागरिक भावनाले प्रतियोगितामा सहभागी हुनुपर्छ भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर क्षेत्रफलको आधारमा सानो नगर भए पनि कला संस्कृतिले समृद्ध र संसारकै जीवित सङ्ग्रहालयको रूपमा परिचित नगर भएको बताउनुभयो ।

प्रतियोगितामा सहभागी खेलाडीहरूलाई भक्तपुर नपाबाट सञ्चालित कलेज र अस्पताल अवलोकनको उद्देश्यमाथि प्रस्ट पार्दै उहाँले जनताको अझ बढी सेवा गर्ने उद्देश्यले भक्तपुर नपाले काम गरिरहेको बताउनुभयो ।

मेडिकल कलेज सञ्चालन गर्ने उद्देश्यअनुरूप ख्वप विश्वविद्यालय सम्बन्धनको लागि भक्तपुर नपाले निरन्तर पहल गर्दै आएको स्मरण गराउँदै उहाँले भक्तपुर नपालाई ज्ञानविज्ञानको केन्द्रको रूपमा विकास गर्ने नगरपालिकाको उद्देश्य रहेको बताउनुभयो ।

कार्यक्रममा जिल्ला कबड्डी सङ्घ दार्चुलाका प्रशिक्षक श्यामराजा अवस्थीले भक्तपुर नपाको आयोजनामा भएको महिला कबड्डी प्रतियोगिता निकै उत्साहपूर्वक सञ्चालन भइरहेको र प्रतियोगिताका सहभागीहरूलाई नपाले खान र बस्ने व्यवस्थाले खेलाडीहरूलाई धेरै सहजता प्राप्त गरेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले विभिन्न नगरपालिकाबाट उपस्थित खेलाडीहरूलाई खेलमार्फत जोडिएको सम्बन्धलाई अझ प्रगाढ बनाउँदै लानुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा भएको अन्तरनगर महिला कबड्डी प्रतियोगितामा १५ वटा नगरपालिकाबाट सहभागी खेलाडीहरूले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज, ख्वप अस्पताल, ख्वप इन्जिनियरिङ कलेजसहित सातवटा संस्थाहरूको स्थलगत अवलोकन गरेका थिए ।

## के नेका र एमालेको बजेटको सिद्धान्त र प्राथमिकता एउटै हो र ?

काठमाडौँ, १ चैत । अमेरिकी रक्षामन्त्री लोयड अस्टिनले हालै ह्वाइटहाउसको पत्रकार सम्मेलनमा रुस र युक्रेनको भिडन्तमा संरा अमेरिका युक्रेनलाई हतियार बेचेर धनी भएको स्वीकारे । युक्रेनमा रुसविरुद्ध अमेरिकी युद्धले रुस, युक्रेन, युरोपलगायतमा धेरै जनधनको क्षति भयो भने अमेरिकालाई धेरै आर्थिक फाइदा भयो । अमेरिकी हतियार व्यापारी, ऊर्जा व्यापारी र खाद्यान्न व्यापारीहरूले रुस र युक्रेनलाई लडाएर धेरै पैसा कमाए । यसकारण, हिजोको सत्ता गठबन्धनले संयुक्त राष्ट्र सङ्घमा रुसविरुद्ध युक्रेनको पक्षमा दिएको मत परिवर्तित यो सत्ता गठबन्धनले खारेज गर्नुपर्छ ।

अमेरिकी हतियार पाएको इजरायलले गाजामा हरेक २४ घण्टामा सय डेढसय जना प्यालेस्टिनी जनता मार्दै छ । इजरायलले हालसम्म ३१ हजार ४५ जना प्यालेस्टिनी जनताको हत्या गऱ्यो भने ७२ हजार प्यालेस्टिनी घाइते भएको तथ्याङ्क सार्वजनिक भयो । यस विषयलाई नेपाल सरकारले अन्तर्राष्ट्रिय दबुमा उठाउनु जरुरी छ ।

फौजदारी अभियोग, ठगी र भ्रष्टाचारको आरोप लागेका मन्त्रीहरूले आफैँ राजिनामा दिनुपर्छ वा त्यस्ता मन्त्रीलाई प्रधानमन्त्रीले बर्खास्त गर्नु जरुरी छ । संसद्मा उठेको विषयमा प्रम जवाफदेही हुनु आवश्यक छ ।

पाँच वर्षयता नेपालमा अनलाइन अपराध ६ गुणाले बढ्यो । नयाँ पुस्तालाई अनलाइन अपराधबारे सचेत गराउने विषय विद्यालय र विश्वविद्यालयको पाठ्यपुस्तकमा राख्नु जरुरी छ । अनलाइन अपराध गर्नेलाई १ लाख रुपैयाँ जरिवाना वा ५ वर्षसम्म कैद हुने कानुनी सजाय व्यवस्थाबारे नयाँ पुस्तालाई राम्रोसँग जानकारी दिने उपाय सरकारले गर्नुपर्दछ ।

संसारका कतिपय देशले कृत्रिम वर्षा गराउने प्रविधि विकास गऱ्यो । नेपालले पनि काठमाडौँलगायत ठुला सहरमा कृत्रिम वर्षा गराई वायु प्रदूषणलाई

**_बाँकी पृष्ठ ८ मा_**

## प्रहरी अनुसन्धानमा रहेका लामिछानेलाई गृहमन्त्रीको जिम्मा दिएकोमा नेकाको आपत्ति

काठमाडौँ, १ चैत । प्रतिनिधिसभाको बैठक सुरू भएलगत्तै आकस्मिक समयमा बोल्न नेपाल मजदुर किसान पार्टी र नेकाले समय माग गरे । सभामुख देवराज घिमिरेले नेकाका सांसद बद्रीप्रसाद पाण्डेलाई बोल्ने समय दिनुभयो ।

सांसद पाण्डेले प्रधानमन्त्री दाहालबाट पुनर्गठित मन्त्रिपरिषद्मा सहकारी ठगीको अनुसन्धानको दायरामा परेका रास्वपाका रवि लामिछानेलाई उपप्रधानमन्त्रीसहित गृहमन्त्रीमा नियुक्ति गरिएको उल्लेख गर्दै गृहमन्त्री लामिछाने सहकारीको आदर्शविपरीत गर्न नहुने, संरक्षणमा लगानी दिन नहुने शीर्षकमा कर्जा, सहकारी सदस्य नभएकालाई कर्जा प्रवाहको आरोप लागेकाले यस्तै प्रकृतिका अन्य दोषीलाई कानुनी दायरामा कसरी ल्याउने भनी प्रश्न गर्नुभयो ।

एक–दुई करोडको ठगी आरोप लागेका गृहमन्त्री लामिछानेलाई शिखण्डीको रूपमा उभ्याएर १० औँ अर्ब रूपैयाँ ठगी गरेका सहकारीका ठुला माछाहरूलाई उम्काउने प्रपञ्चको हतियार बनाइएको उल्लेख गर्दै सांसद पाण्डेले प्रमुख विपक्षीले उठाएको यो विषयमा प्रधानमन्त्री दाहालले दूधको दूध पानीको पानी हुने गरी जवाफ दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सांसद पाण्डेले बजेटको सिद्धान्त र प्राथमिकतामा छलफल चलाउनुपर्ने भएको हुँदा एक दिनलाई संसद् अवरूद्ध नगर्ने उल्लेख गर्दै प्रधानमन्त्री दाहालको स्पष्ट जवाफ नआएकोमा आगामी दिनमा नेका कठोर भएर प्रस्तुत हुने चेतावनी दिनुभयो ।

नेकाका अर्का सांसद नागिना यादवले गृहमन्त्री रवि लामिछानेमाथि प्रहरीबाट सहकारीको रकम ठगीको छानबिन भइरहे पनि प्रम दाहालबाट उसैलाई गृहमन्त्रीमा नियुक्ति गर्नु स्वार्थको द्वन्द्वसँग जोडिएका नै नियुक्ति भएको उल्लेख गर्नुभयो ।

सांसद यादवले नेकाबाट फाइदा लिएका रास्वपाका सांसद स्वर्णिम वाग्लेलाई नेकाको विरोध नगरी धैर्य गर्न सचेत गराउनुभयो ।


### भक्तपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
ब्यासी–२, भक्तपुर

### मतदाता नामावली अद्यावधिक गर्नेसम्बन्धी सूचना

जिल्ला निर्वाचन कार्यालय, भक्तपुरद्वारा मिति २०८०।११।२८ गतेदेखि २०८०।१२।०५ गतेसम्म सञ्चालन हुने मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० मा प्रयोग हुने तपसिल बमोजिमका अनुसूची फाराम अनुसार आ–आफ्नो विवरण सम्बन्धित वडा कार्यालयमा उपस्थित भई अद्यावधिक गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने फारामको ढाँचा
२. झुटा विवरण दिई मतदाता नामावली समावेश भएको नामको सम्बन्धमा दिने उजुरीको ढाँचा
३. मतदाता नामावलीमा रहेको दोहोरो नाम हटाउन दिने निवेदनको ढाँचा
४. मतदाता नामावलीबाट नाम हटाउन दिने सूचनाको ढाँचा



### भक्तपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
ब्यासी–२, भक्तपुर

### उपस्थितिको लागि अनुरोध

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद् माननीय श्री प्रेम सुवालज्यूको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८० फागुन २९ गतेदेखि चैत ३ गतेसम्म सञ्चालन भएको अन्तरनगर महिला कबड्डी प्रतियोगिताको पुरस्कार वितरण एवम् समापन कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने भएकोले उक्त कार्यक्रममा सम्पूर्ण विद्यालयहरू, टीम, क्लव, पुस्तकालय, सहकारी, संघ संस्थालगायत खेलप्रेमी महानुभावहरूलाई उपस्थितिको लागि अनुरोध गरिन्छ ।

कार्यक्रम

मिति : २०८० चैत ३ गते, शनिबार
समय : बिहान ८:०० बजे
स्थान : सहीद स्मृति खेल मैदान, भ.न.पा २

# कानुनविनाको समाज अराजक हुने



भक्तपुर, १ चैत । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ऐन कानुन व्यवहारिक तथा कार्यान्वयन गर्न सहज हुने ढङ्गले निर्माण गरिनुपर्ने बताउँदै जनताको पक्षमा लेखिएको कानुनले व्यापक जनताको हित गर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त 'ख्वप कलेज अफ ल' बी.ए.एल.एल.बी.मा नयाँ भर्ना भएका विद्यार्थीलाई स्वागत तथा दोस्रो वर्षमा अध्ययनरत विद्यार्थीलाई अभिमुखीकरण कार्यक्रममा बोल्दै उहाँले कानुनविनाको समाज अराजक हुने हुँदा समाजलाई नियमसङ्गत ढङ्गले अगाडि बढाउन ऐनकानुनहरूले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

सङ्घीय सांसदहरूले देशलाई आवश्यक कानुन तथा विधि निर्माण गर्ने जिम्मा पाएको उल्लखे गर्दै उहाँले पुराना कानुनलाई समयसापेक्ष ढङ्गले परिमार्जन गर्नु आजको आवश्यकता रहेको बताउनुभयो ।

कानुनको अज्ञानताले स-साना कुराले ठुलो दुर्घटना निम्त्याउनेतर्फ सजग बनाउँदै प्रमुख प्रजापतिले देशघाती सन्धि सम्झौताविरुद्ध लड्न र देशको सार्वभौमिकताको पक्षमा लड्न कानुनी लडाइँ अपरिहार्य हुने बताउनुभयो ।

ख्वप कलेज अफ लका प्राचार्य अनिता जधारीले कलेजले विद्यार्थीहरूलाई विश्वविद्यालय शिक्षासँगै व्यवहारिक ज्ञान पनि प्रदान गर्दै आएको बताउँदै राज्यलाई बलियो बनाउन कानुनी शिक्षाको विशेष महत्त्व भएको बताउनुभयो ।

कार्यक्रममा पूर्वाञ्चल विश्वविद्यालय विषय समिति कानुनका अध्यक्ष रुद्र शर्माले पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गत हाल १२५ भन्दा बढी कलेजहरू आबद्ध रहेको बताउँदै ख्वप कलेज अफ लले गरिब विद्यार्थीलाई न्यून शुल्कमा कानुनी शिक्षा प्रदान गर्ने उद्देश्यअनुरुप पठनपाठन गराइरहेको बताउनुभयो ।

कानुन अध्ययन अध्यापन व्यवहारिक र देश तथा समाजको आवश्यकतासँग जोडिनुपर्ने बताउँदै उहाँले संसद्ले बनाएका कानुन निष्पक्ष छ वा छैन भन्ने विषयमा अध्ययन अनुसन्धान हुनु जरुरी रहेको बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठ, ख्वप माविका प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्यले पनि कलेजको शैक्षिक विशेषतामाथि आ-आफ्नो धारणा राख्नुभएको थियो भने शिक्षक शिखा डंगोल र विद्यार्थी प्रतिनिधि एलिसा कुँवरले पनि बोल्नुभएको थियो ।

# हंसवाहिनी आविको ७२ औँ वार्षिकोत्सव



भक्तपुर, १ चैत । हंसबाहिनी आधारभूत विद्यालयको ७२ औँ वार्षिकोत्सव, अभिभावक सम्मान, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम बुधबार सम्पन्न भयो ।

उक्त कार्यक्रममा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणलगायतका क्षेत्रमा विशेष चासोका साथ काम गरिरहेको बताउँदै नपाले शिक्षाको आधार पूर्वप्राथमिक आधारभूत तह भएकोले शिक्षक तालिम, शैक्षिक स्तरोन्नतिको लागि विद्यालयलाई आर्थिक अनुदान उपलब्ध गराइरहेको बताउनुभयो ।

स्थानीयहरूको सर्वाङ्गीण विकासको लागि काम गर्नु स्थानीय तहको कर्तव्य भएकोले त्यसप्रति नगरपालिका सचेतताका साथ अघि बढिरहेको उहाँले प्रस्ट पार्नुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष गणेशराम थुसाले हिजोका दिनमा भएको कमजोर पक्षलाई सुधार गर्दै विद्यालयले शैक्षिक गुणस्तर वृद्धिलगायत स्तरोन्नतिमा विशेष ध्यान दिई अघि बढिरहेकोले सार्वजनिक विद्यालयप्रति अभिभावक तथा स्थानीयहरूको चासो बढिरहेको बताउनुभयो ।

भनपा वडा नं. १० का वडा सदस्य तारादेवी शाक्य, शिक्षासेवी हिमालयश्वरलाल मूल, प्रअ सूर्यबहादुर फोजु, शिक्षकद्वय लक्ष्मीश्वरी कर्माचार्य, चन्द्रलक्ष्मी दुवाल, पूर्वविद्यार्थी सुनिल भोमीले पनि बोल्नुभएको थियो ।

कार्यक्रमका सभापति लक्ष्मीप्रसाद चवालले विद्यालयको शैक्षिक तथा प्रशासनिक कार्यमा सघाई आफ्ना नानीबाबुहरूको पठनपाठनमा विशेष ख्याल राखी सरसल्लाह दिनुहुने अभिभावकद्वय आरती ताल्चाभडेल र सरिता रञ्जितकारलाई सम्मान गर्नुका साथै कक्षागत पुरस्कार र अतिरिक्त क्रियाकलापमा उत्कृष्ट छात्रछात्राहरूलाई पुरस्कार वितरण गर्नुभयो ।

# पुँजीवादी व्यवस्था र शासक दलहरूविरुद्ध सङ्घर्षको विकल्प छैन

कञ्चनपुर, १ चैत । ११४ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा कञ्चनपुरको बेलौरी नगरपालिका वैशाखीमा बिहीबार महिला भेला भयो ।

उक्त भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय अध्यक्ष अनुराधा थापामगरले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसबारे चर्चा गर्दै पुँजीवादी शोषणविरूद्ध श्रमिक महिलाहरूले गरेको आन्दोलन र त्यसको उपलब्धिले सम्पूर्ण कामदारवर्गका महिलालाई आफ्नो अधिकारको लागि लड्न शिक्षा प्रदान गरेको बताउनुभयो ।

हक, अधिकार प्राप्त गर्न शोषणबाट मुक्ति पाउन पुँजीवादी व्यवस्था र शासक दलहरूविरूद्ध सङ्घर्षको विकल्प छैन, उहाँले भन्नुभयो ।

आफ्ना बालबालिकालाई राम्रो संस्कारमा हुर्काउन पनि महिलाहरू राजनीतिकरूपमा सचेत र शिक्षित हुनुपर्नेमा केन्द्रीय सदस्य थापामगरले जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "शिक्षा, स्वास्थ्य नि:शुल्क, स्वदेशमै रोजगारी, साना बालबालिकाका लागि शिशु स्याहार केन्द्र र बाल उद्यानका साथै नगरपालिकाको आफ्नै स्कूल र अस्पताल भए देशको विकासमा टेवा पुग्नेछ ।"

शासक पार्टीहरू देशको निम्ति क्यान्सरजस्तै हुन्; नेमकिपा देश र जनताका सेवा गर्ने पार्टी हो। देश र जनतालाई क्यान्सररूपी शासक दलहरूबाट जोगाउन नेमकिपा सङ्घर्षरत छ, केन्द्रीय सदस्य थापामगरले भन्नुभयो ।

उहाँले भन्नुभयो, "महिलाहरूले देशघाती एमसीसी, एसपीपी, नागरिकता विधेयकजस्ता सन्धि-सम्झौताको विरोध गरे देश जोगाउन सकिन्छ ।"



नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले जनताको हितका लागि कुन पार्टीले बोल्यो; जनतालाई दिएका वाचाहरू कुन पार्टीले पूरा गऱ्यो ?, तुलनात्मक अध्ययन गर्नुपर्छ भन्नुभयो ।

सरकार राम्रो भए जनावरसमेत सुरक्षित हुन्छ; हामीले पाउने सुख-दु:खमा सरकारकै हात हुन्छ, शिक्षा-स्वास्थ्यलगायत सबै क्षेत्र लथालिङ्ग हुनुमा सरकार गएका पार्टीहरू दोषी छन्, उहाँले भन्नुभयो ।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय अध्यक्ष प्रकाश गुरूङले शोषणको विरोधमा महिलाहरू उठेको र अधिकारको निम्ति सङ्घर्ष गरेको दिन मार्च ८ भएको बताउनुभयो ।

नयाँ पुस्तालाई शोषणको विरोधमा लड्न सिकाउनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले अन्याय, अत्याचारको विरोध नगर्नेहरू कम्युनिस्ट नहुने स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "कृषि उत्पादन बढाएर जीविकोपार्जन सजिलो बनाउन विषादीको प्रयोग नगरी प्राङ्गारिक मल प्रयोग गर्नुपर्छ । कतिपय तरकारी तथा बालीको जरा पातले नै कीटनाशक औषधिको काम गरिरहेको हुन्छ । त्यसबारे जानकारी हुनु आवश्यक छ ।"

स्वास्थ्यकर्मी रविना सुवालले महिलाहरूमा देखिने स्तन र पाठेघरको मुखको क्यान्सरबारे सचेत भई समय-समयमा स्वास्थ्य परीक्षण गराउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले भन्नुभयो, "शरीरको कोठीको आकारप्रकार र रङ परिवर्तन भए स्वास्थ्य चौकी गएर जाँच गराउनुपर्छ ।"

कार्यक्रममा नेमकिपा कैलालीका रमेश रावल र रत्ना शाहीले पनि बोल्नुभएको थियो ।

# यात्रुमैत्री व्यवहार प्रवर्द्धन गर्न उपत्यकामा विशेष अभियान

काठमाडौँ, १ चैत । काठमाडौँ उपत्यकामा यात्रुमैत्री व्यवहार प्रवर्द्धनका लागि उपत्यका ट्राफिक प्रहरीले विशेष अभियानको थालनी गरेको छ ।

यात्रुहरूका लागि सुरक्षित, बिनाझन्झट, नठगिने हिसाबले गन्तव्य तय गर्न सक्ने अवस्थाको सिर्जना गर्नका लागि काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले १५ दिने यात्रुमैत्री अभियान-२०८० सुरु गरेको हो ।

यात्रुवाहक सार्वजनिक सवारीसाधनमा भाडादर राखेको छ वा छैन ? ज्येष्ठ नागरिक, महिला तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि आरक्षित सीट पालना भएको छ वा छैन ? लगायतका विषयमा अनुगमन गरी कार्यान्वयन गर्नका लागि अभियान थालिएको कार्यालयले जनाएको छ ।

अभियानको क्रममा सवारीमा यात्रा गर्दा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकलाई हुने दुर्व्यवहार, भाडाका सवारीसाधनले बढी भाडा लिई ठगेको, यात्रुले भनेको स्थानमा जान नमानेको, अनधिकृत राइड सेय गरेको लगायत विषयमा पनि अनुगमन हुने कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक जीवनकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

त्यसरी अनुगमनको क्रममा नियम कार्यान्वयन गरेको नपाइएमा आवश्यक कारबाही गरिने उहाँले बताउनुभयो । उक्त अभियान पहिलो चरणमा यही चैत १४ गतेसम्म सञ्चालन गरिने छ । अभियानमा प्रहरी निरीक्षकको नेतृत्वमा ४० जना प्रहरी कर्मचारी सादा पोशाकमा खटाइने र आवश्यकतानुसार स्थानीय प्रहरी तथा ट्राफिक प्रहरी कार्यालयबाट थप जनशक्ति परिचालन गरिने प्रवक्ता श्रेष्ठले जानकारी दिनुभयो ।

पहिलो दिनको अनुगमनको क्रममा सवारीसाधनमा भाडादर नराख्ने दुई सय १७, आरक्षण सीट कार्यान्वयन नगर्ने ३५, यात्रु लिन इन्कार गर्ने ४३, लापरबाही तरिकाले सवारी चलाउने तथा यात्रीलाई हैरानी दिने छवटा र बढी भाडा लिने दुई गरी जम्मा तीन सय तीनवटा सवारीसाधनका चालकलाई कारबाही गरिएको पनि उहाँले बताउनुभयो ।

यो अभियानबाट यात्रुलाई सुरक्षित, सम्मानजनक, नठगिने वातावरणको सिर्जना हुनुका साथै यात्रुहरू समयमै गन्तव्यमा पुग्नलाई मद्दत पुग्ने अपेक्षा गरिएको छ । अभियान सञ्चालन अवधिभरको अवस्थाका आधारमा अनुगमनलाई निरन्तरता दिइने बताइएको छ । ***रासस***

# डढेलो तथा अग्नि नियन्त्रण दस्ता गठन

भरतपुर (चितवन), १ चैत । चितवनको भरतपुर महानगरपालिका-१३ राइनोकुञ्जमा वन डढेलो तथा अग्नि नियन्त्रण प्रशिक्षण कार्यक्रम गरिएको छ । राप्ती नदी तटीय क्षेत्र सरसफाइ अभियानको आयोजनामा बेलसहर मध्यवर्ती सामुदायिक वनको परिसरमा प्रशिक्षण दिइएको हो ।

समुदायमा आधारित चोरी सिकारी नियन्त्रण युवा सञ्जाल मृगकुञ्ज रत्ननगरका अध्यक्ष वसन्त रानाले वन डढेलोका कारण डढेलोबाट हुने विपद् र यसको समाधानका लागि प्रशिक्षण कार्यक्रम आयोजना गरिएको बताउनुभयो । चितवन राष्ट्रिय निकुञ्जका रेन्जर सुमन भट्टराईले वनमा आगजनी गर्नेलाई हुने कानुनी कारबाहीबारे प्रशिक्षण दिनुभएको थियो ।

प्रशिक्षण कार्यक्रमपश्चात् महादेव रानाभाटको संयोजकत्वमा १७ सदस्यीय अग्नि नियन्त्रण दस्ता गठन गरिएको छ । भरतपुर-१३ का वडाध्यक्ष प्रकाश दवाडीले वन सम्पदा संरक्षणले मानव हित गर्ने भएकोले सबै सचेत भएर लाग्न जरूरी रहेको बताउनुभयो । लुकीछिपी वन, नदी र वन्यजन्तुलाई असर पार्ने कुनै गतिविधि नगर्न उहाँले अनुरोध गर्नुभयो ।

कार्यक्रममा अग्नि नियन्त्रणका विभिन्न सामग्री बेलसहर मध्यवर्ती सामुदायिक वनका अध्यक्ष शोभाखर अधिकारीलाई हस्तान्तरण गरिएको थियो । ***रासस***

**सङ्क्षिप्त समाचार**

## हेलिकप्टरमार्फत सुत्केरीको उद्धार

बाजुरा, १ चैत । जिल्ला अस्पताल बाजुराबाट एक सुत्केरीको नेपाली सेनाको हेलिकप्टरमार्फत उद्धार गरिएको छ ।

बिहीबार हिमाली गाउँपालिका–१ बिच्छ्याकी २२ वर्षीया सुस्मिता खड्कालाई थप उपचारको लागि प्रादेशिक अस्पताल सुर्खेत पठाइएको जिल्ला अस्पताल बाजुराका सूचना अधिकारी नृपराज गिरीले जानकारी दिनुभयो । उहाँका अनुसार दुई दिन पहिले शल्यक्रिया गरी सुत्केरी गराइनुभएकी खड्काको पेट सुन्निएपछि थप उपचारको लागि नेपाली सेनाको हेलिकप्टरमार्फत सुर्खेत पठाइएको हो ।

जिल्ला अस्पताल बाजुराबाट सुत्केरीको अवस्था जटिल बन्दै गएको पत्र प्राप्तभएपछि महिला तथा बालबालिका मन्त्रालयमार्फत पहल गरेपछि राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत सेनाको हेलिकप्टरमा उद्धार गरिएको प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले बताउनुभयो । **रासस**

## कालीकोटको महावैमा नुनको डिपो स्थापना

मान्म (कालीकोट), १ चैत । कालीकोटको महावै गाउँपालिकाले गाउँमै आयोडिनयुक्त नुनको डिपो सञ्चालन गरेको छ । आयोडिनयुक्त नुन लिनका लागि सदरमुकाम जानुपर्ने बाध्यता हटाउन गाउँमै नुन डिपोको स्थापना गरिएको हो ।

महावैका नागरिकका लागि नुन डिपो स्थापना गरी पालिकाको विर्तामोडबाट वितरण गरिने महावैका अध्यक्ष खेमबहादुर सिंहले बताउनुभयो । "एक प्याकेट नुन लिनका लागि सदरमुकाम मान्म धाउनु परिरहेको छ । यसका लागि स्थानीयले रु. एक हजारदेखि रु. दुई हजारसम्म खर्च गर्नुपर्ने बाध्यता छ," उहाँले भन्नुभयो । **रासस**

## भ्रष्टाचार गरेको अभियोगमा मुद्दा दायर

काठमाडौँ, १ चैत । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले हुम्लाको चङ्खेली गाउँपालिकाका तत्कालीन अध्यक्षसहित नौ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । चङ्खेली–३ ब्याफु खानेपानी मर्मत योजनाको सन्दर्भमा भ्रष्टाचार गरेको अभियोगमा उनीहरूमाथि आयोगले बिहीबार मुद्दा दायर गरेको हो ।

आयोगले तत्कालीन अध्यक्ष बुढाविरुद्ध रु. पाँच लाख १५ हजार बराबरको बिगो दाबी गरेको छ । यस्तै प्रमुख प्रशासकीय अधिकृत विष्णुबहादुर शाही, इन्जिनियर रुद्रबहादुर वली, लेखापाल धर्मवीर पल्लीमगर र सबइन्जिनियर हर्कधन बुढाविरुद्ध पनि समान बिगो दाबी गरिएको छ ।

उपभोक्ता समितिका अध्यक्ष कालीबहादुर बुढा, सचिव रतन बुढा र कोषाध्यक्ष वीरकुल्ली बुढाविरुद्ध पनि समान बिगो दाबी गरिएको छ । वडा नं ३ का तत्कालीन वडाध्यक्ष शालिग्राम एडीविरुद्ध भने भ्रष्टाचार निवारण ऐनअनुसार कारबाहीको माग गरिएको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिनुभयो ।

त्यस्तै, मुगुको सोरु गाउँपालिका–९ मा सिँचाइ कुलो निर्माणका क्रममा भ्रष्टाचार गरेको अभियोगमा तत्कालीन जिल्ला प्राविधिक कार्यालयका इन्जिनियर तथा कार्यालय प्रमुख देवीप्रसाद पाण्डेलगायतविरुद्ध पनि विशेष अदालतमा मुद्दा दायर गरिएको छ । आयोगले पाण्डेविरुद्ध रु. १४ लाख १७ हजार बराबरको बिगो दाबी गरेको छ ।

यसैगरी, जिल्ला प्राविधिक कार्यालय मुगुका तत्कालीन इन्जिनियर महेशसिंह कठायतविरुद्ध रु. १२ लाख ३६ हजार र सबइन्जिनियर भीमबहादुर रोकायाविरुद्ध रु. एक लाख ९१ हजार बराबरको बिगो दाबी गरिएको आयोगले जनाएको छ । **रासस**

# च्याउ खेतीबाट मनग्य आम्दानी

घोराही (दाङ), १ चैत । रुकुम पश्चिम बाँफिकोटका सिजाराम बाठामगरको मुख्य पेसा च्याउ खेती हो । उहाँले विगत आठ वर्षदेखि घोराही–१७ गैरागाउँमा च्याउ खेती गर्दै आउनुभएको छ । च्याउ खेतीबाट मनग्य आम्दानी हुन थालेपछि उहाँले लगानी बढाउँदै लैजानुभएको छ ।

अहिले उहाँले वार्षिकरूपमा रु. १५ लाख बराबरको च्याउको कारोबार गर्दै आउनुभएको छ । यसबाट रु. तीन लाखसम्म बचत हुने गरेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "२०७२ सालबाट च्याउ खेती सुरु गरेको थिएँ । अहिले आठ वर्ष भयो । म निरन्तररूपमा च्याउ उत्पादन गर्दै आएको छु । यो अवधिमा राम्रो आम्दानी भएको छ ।"

दैनिक करिब ४०/५० केजी बराबरको च्याउ उत्पादन गर्दै आएको बताउने बाठामगरले उत्पादन भएको च्याउ जिल्लाको घोराही, तुलसीपुरसँगै जिल्ला बाहिर प्युठान, बुटवल, कोहलपुर, सुर्खेतलगायतका ठाउँमा पठाउने गरेको बताउनुभयो । उहाँले खुद्रामा रु. २०० केजीका दरले बिक्री गर्दै आउनुभएको छ । सुगर, प्रेसरलगायतका बिरामीले समेत खान मिल्ने र मासु नखानेले समेत च्याउ खान मिल्ने भएका कारण पछिल्लो समय जिल्लामा च्याउको माग बढ्दै गएको उहाँको भनाइ छ ।

आफ्नै देशमा कृषि व्यवसायमार्फत स्वरोजगार बन्नका लागि अनुदानसँगै बजारको ग्यारेन्टी गरिदिन स्थानीय सरकारलाई उहाँ आग्रह गर्नुहुन्छ । अनुदान प्राप्त गर्ने वास्तविक किसानभन्दा पनि यहाँ बिचौलियाको बढी हाबी हुने हुँदा कृषक सधैँ मारमा पर्ने गरेको उहाँको अनुभव रहेको छ । **रासस**

# अन्तरनगर महिला कबड्डी खेलको लिग चरणका खेलहरू सम्पन्न, क्वाटर फाइनल खेल चैत २ देखि




भक्तपुर, १ चैत । भक्तपुर नपाको आयोजनामा फागुन २९ गतेबाट सुरु भएको महिला कबड्डी प्रतियोगितान्तर्गत बिहीबार विराटनगर महानगरपालिका र महाकाली नगरपालिकाबिच भएको खेलमा महाकालीले विराटनगरलाई ४८–१७ ले पराजित गरेको छ भने महाकाली नपाका रक्षा धामी म्यान अफ द म्याच घोषित भएका छन् ।

सोही दिन भएको सिद्धिचरण नपा र कलैया उपमहानगरपालिकाबिचको खेलमा कलैयाले सिद्धिचरणलाई ६२–१८ ले पराजित गरेको छ । उक्त खेलमा कलैयाका जलशा चौधरी म्यान अफ द म्याच घोषित भएका छन् ।

कीर्तिपुर नपा र पनौती नपाबिच भएको प्रतिस्पर्धामा पनौतीले कीर्तिपुरलाई २६–२४ ले पराजित गरेको छ । पनौतीका रश्मि थापा म्यान अफ द म्याच घोषित भएका छन् ।

त्यस्तै, कलैया उपमहानगरपालिका र पोखरा महानगरपालिकाबिच भएको खेलमा पोखराले कलैयालाई ५३–२० ले पराजित गरेको छ । यस खेलमा पोखरा महानगरपालिकाका आशिका नेपाली म्यान अफ द म्याच घोषित भएका छन् ।

भीमदत्त नपा र पनौती नपाबिच भएको खेलमा भीमदत्तले पनौतीलाई ७३–१९ अङ्कको फराकिलो अन्तरले पराजित गरेको छ ।

योसँगै अन्तरनगर महिला कबड्डी खेलका लिग चरणका खेलहरू सम्पन्न भएको छ । क्वाटर फाइनल चैत २ गते बिहान ८ बजेदेखि सुरु हुनेछ । खेलको पहिलो खेल भक्तपुर नपा र पोखरा महानगरपालिकाबिच हुने जनाइएको छ ।

# समयमै विद्यार्थीको हातहातमा पुस्तक पुऱ्याउन निर्देशन

भक्तपुर, १ चैत । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठले भर्ना अभियान सुरु हुनुअगावै विद्यार्थीको हातहातमा पाठ्यपुस्तक पुऱ्याउन निर्देशन दिनुभएको छ ।

भक्तपुरको सानोठिमीस्थित जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको बिहीबार अनुगमन गर्दै मन्त्री श्रेष्ठले कुनै पनि कक्षामा कुनै पनि विषयको पाठ्यपुस्तक अभाव हुन नहुने बताउनुभयो ।

उहाँले जनक शिक्षा सामग्री केन्द्रमा पुगेर पुस्तक छपाइको अवस्थाबारे जानकारी लिनुका साथै पुस्तक छपाइ भइरहेका स्थानको अनुगमन एवं अवलोकन गर्नुभएको थियो ।

मन्त्री श्रेष्ठलाई केन्द्रका प्रबन्ध निर्देशक अनिलकुमार झाले पुस्तक छपाइको अवस्था र वितरणको प्रक्रियाबारे जानकारी गराउनुभएको थियो । मन्त्री श्रेष्ठले भन्नुभयो, "पाठ्यपुस्तक छपाइ समयमै सम्पन्न हुनुपर्यो, पाठ्यपुस्तक समयमै विद्यार्थीको हातहातमा पुऱ्याउनुहोला ।"

केन्द्रका प्रबन्ध निर्देशक झाले मन्त्री श्रेष्ठलाई भर्ना अभियान सुरु हुनुअगावै विद्यार्थीको हातहातमा पाठ्यपुस्तक पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "९५ प्रतिशत पाठ्यपुस्तक छपाइ सम्पन्न गरिसकेका छौँ, चैत १५ गतेभित्र बाँकी पाँच प्रतिशत पुस्तक पनि छपाइ सम्पन्न गर्छौं, चैत १५ गतेदेखि नै पुस्तक वितरण थाल्छौँ, शैक्षिकसत्र सुरु हुँदासम्म पूरै सेटमा सबै कक्षाका पाठ्यपुस्तक विद्यार्थीको हातहातमा पुर्याउँछौँ ।"

आउँदो शैक्षिकसत्रको लागि केन्द्रले एक करोड ७५ लाख थान पाठ्यपुस्तक छपाइ गर्नुपर्नेमा एक करोड ५७ लाख थान छापिसकेको र बाँकी १८ लाख थान पुस्तक १५ दिनभित्रमा छपाइ सम्पन्न गरेर वितरण गर्न सुरु गर्ने प्रबन्ध निर्देशक झाले बताउनुभयो । केन्द्रले आउँदो शैक्षिकसत्रको लागि कक्षा ५ देखि १२ सम्मको पाठ्यपुस्तक छपाइको जिम्मेवारी पाएको थियो । चालु शैक्षिकसत्रका लागि गत वर्ष चैतमै कक्षा ६ देखि १२ सम्मको पुस्तक छपाइ गरेर शैक्षिकसत्र सुरु हुनेबित्तिकै विद्यार्थीको हातहातमा पुस्तक पुऱ्याउन सफल भएपछि यस वर्ष सरकारले केन्द्रलाई कक्षा ५ देखिकै पुस्तक छपाइको जिम्मेवारी दिएको हो ।

प्रबन्ध निर्देशक झाले यस वर्ष कुनै पनि कक्षाको कुनै पनि विषयको पुस्तक अभाव हुन नदिने र गत वर्षजस्तै सेटमै पुस्तक उपलब्ध गराउने बताउनुभयो । उहाँले पुस्तक छपाइका लागि आवश्यक कागज, मसीलगायत कच्चा पदार्थ पर्याप्त मात्रामा खरिद गरेर राखेको र पुस्तक छपाइको काम दुई सिफ्टमा सातै दिन, २४सैँ घण्टा चलिरहेको जानकारी दिनुभयो । पहिलो प्राथमिकता हिमाली क्षेत्र, दोस्रोमा पहाडी क्षेत्र र तेस्रोमा तराईमा तथा अनि मात्र उपत्यकामा पुस्तक वितरण गरिने छ । केन्द्रबाहेक उपत्यका बाहिरका नौवटा आउटलेटबाट पुस्तक वितरण गरिने प्रबन्ध निर्देशक झाले बताउनुभयो ।

उहाँले भन्नुभयो, "हामीले अहिले २४सै घण्टा दैनिक एक लाख थान पुस्तक छपाइ गरिरहेका छौँ, २४सैँ घण्टा पुस्तक पछाइको काम भइरहेको छ । छपाइ सकिएका पुस्तक सातैवटै प्रदेशका केन्द्रका प्रादेशिक कार्यालयको गोदाममा पुऱ्याउने काम भइरहेको छ । गत वर्षजस्तै यस वर्ष पनि हामी चैतदेखि पुस्तक वितरणको काम सुरु गर्छौं र समयमै विद्यार्थीको हातहातमा पुस्तक पुर्याउँछौँ ।"

शिक्षा मन्त्रालयले यस वर्षको पुस्तक छपाइका लागि कक्षा १ देखि ४ सम्म निजी क्षेत्रका छापाखानालाई छपाइ तथा वितरणको जिम्मेवारी दिएको छ । प्रबन्ध निर्देशक झाले कक्षा १ देखिकै पुस्तक छपाइको जिम्मेवारी दिन सरकारसँग माग गरेको भए पनि कक्षा ५ देखिको जिम्मेवारी पाएको बताउनुभयो । आगामी वर्षदेखि सरकारले कक्षा १ देखिकै पुस्तक छपाइको जिम्मेवारी दिए पनि केन्द्रले फागुनभित्रै पुस्तक छपाइ सम्पन्न गरेर चैतमा वितरण सम्पन्न गर्न सक्ने उहाँको भनाइ छ ।

सरकारले गत वर्ष निजी क्षेत्रका छापाखानालाई कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तक छपाइको जिम्मा दिए पनि यस वर्ष त्यसलाई खुम्च्याउँदै कक्षा ५ को पुस्तक छपाइको जिम्मेवारी निजी क्षेत्रलाई नदिई केन्द्रलाई दिएको हो । **रासस**

# सुन तस्करी नियन्त्रणका लागि कानुनी र संरचनात्मक सुधार गर्न सुझाव

काठमाडौँ, १ चैत । सुनको अवैध पैठारी (तस्करी) नियन्त्रणसम्बन्धी जाँचबुझ आयोगले सुन तस्करी नियन्त्रणका लागि कानुनी तथा संरचनात्मक सुधार गर्न सरकारलाई सुझाव दिएको छ । आयोगले बिहीबार सरकारलाई प्रतिवेदन बुझाउँदै सुनको आयात तथा उपयोगमा अवलम्बन गर्नुपर्ने नीति तथा विगतमा भएका सुन तस्करीको घटनामा अनुसन्धान र अभियोजनमा देखिएका कमीकमजोरी सुधार्न सिफारिस गरेको हो ।

गत असोज १५ गते गठित आयोगले साढे पाँच महिना लगाएर प्रतिवेदन बुझाएको हो । तस्करी नियन्त्रणसँग सम्बन्धित विभिन्न नीति, कानुनी व्यवस्था र कार्यान्वयनको जिम्मेवारी लिएका निकायको संरचना र क्षमता तथा कार्यप्रणालीको अवस्थाको अध्ययन, अवलोकन, छलफल, अन्तरक्रियालगायत माध्यमबाट सुझाव लिई सुधारको लागि सिफारिससहितको प्रतिवेदन पेस गरिएको आयोगका अध्यक्ष डिल्लीराज आचार्यले जानकारी दिनुभयो ।

आयोगले विद्युतीय चुरोट (भेप) र ब्रेकप्याडमा राखी सुन तस्करी भएको मुद्दामा ३३ प्रतिवादीको पुनः बयान लिने, केन्द्रीय अनुसन्धान ब्युरोबाट बुझिएका तर प्रतिवादी नबनाइएका विभिन्न २१ जनाको बयान कागज गराउने तथा अनुसन्धानको क्रममा थप १४ जनासँग सोधपुछ गरेको थियो । आयोगले कार्यसम्पादनका क्रममा त्रिभुवन विमानस्थल तथा रसुवागढीसहितका विभिन्न सात भन्सार नाकाको स्थलगत अवलोकन, राज्यव्यवस्था तथा सुशासन समिति र अर्थसमितिका सभापति तथा संसद्मा प्रतिनिधित्व गर्ने राष्ट्रिय मान्यता प्राप्त दलका प्रमुख सचेतक तथा सचेतक, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्तसहितका पदाधिकारीसहित ६१ विषय विज्ञसँग छलफल गरेको थियो ।

आयोगको सिफारिस कार्यान्वयनमा आएर सुन तस्करी नियन्त्रणमा सहयोग पुग्ने विश्वास आयोगले लिएको छ । आयोगलाई तस्करीजन्य कार्यको पूर्णरूपमा नियन्त्रण गर्न मौजुदा कानुनमा गर्नुपर्ने परिमार्जन, संरचनागत सुधार र पटकपटकको सुन तस्करी सम्बन्धमा नेपाल सरकारका विभिन्न निकायबाट भएका छानबिन र अनुसन्धानको अध्ययन गरी कानुनबमोजिम कारबाहीको लागि सिफारिस गर्ने कार्य क्षेत्र तोकिएको थियो ।

विदेशबाट इलेक्ट्रिक चुरोट (भेप) मा सुन राखी तस्करी गरिएको र गत साउन २ गते ब्रेक सु/ब्रेक प्याडमा सुन राखी तस्करी गरिएका विषयमा स्वतन्त्र तथा निष्पक्ष छानबिनका लागि सरकारले गत असोज १५ गते जाँचबुझ आयोग ऐनबमोजिम सुनको अवैध तस्करी नियन्त्रणसम्बन्धी जाँचबुझ आयोग गठन गरेको थियो । पूर्वन्यायाधीश आचार्यको अध्यक्षतामा गठित आयोगमा प्रहरी अतिरिक्त महानिरीक्षक सहकुल थापा, पूर्वसहसचिवद्वय किशोरजङ्ग कार्की र प्रेमराज जोशी सदस्य हुनुहुन्थ्यो । आयोगले गत असोज १६ गतेदेखि कार्य प्रारम्भ गरेको थियो । **रासस**

। सम्पादकीय ।

# अपरिपक्व र असैद्धान्तिक राजनीतिले गति नलिने

देशमा देखिएको विश्वासघात, अन्तर्घात, भागबन्डा र अस्थिर सरकारले शासकहरूमा नैतिकता, सिद्धान्त, विचार, निष्ठा, इमानदारिता र आदर्श कुन चराको नाउँझैँ भएको छ । उनीहरू राजनीति गर्नु नै सरकारमा जानु हो, मन्त्री बन्नु हो, देशको राजस्वमा रजाइँ गरेर अकुत सम्पत्ति कमाउनु हो भन्ठान्छन् । सरकारमा सामेल भएपछि सिद्धान्त र विचारलाई तिलाञ्जली दिन पनि उनीहरू पछि पर्दैनन् । अवसर पाएपछि नेपालको अस्तित्वमा आँच पुऱ्याउने, नेपाल आमालाई लात मार्ने काम गर्न नछाड्ने सत्तासीन दलका नेताहरूले एकले अर्काको खुट्टा तान्दै सरकारलाई कमाइ खाने भाँडो बनाइरहेका छन् । राजनीतिक दलका नेताहरूले कहिले को सँग त कहिले को सँग मिलेर अपरिपक्व र असैद्धान्तिक राजनीति गरिरहेका छन् । शासकहरूले सुशासन, भ्रष्टाचार अन्त्य गर्ने कुरा फुके पनि बढेको बाहेक घटेको छैन । सरकारको नेतृत्व फेर्दैमा जनताले सुख सुविधा पाउने होइनत्र देशको विकास हुने होइन ।

हालै गठन भएको नयाँ सरकारको टिप्पणी गर्दै राजनीतिक विश्लेषकहरू यो सरकार नयाँ बोतलमा पुरानो रक्सी राखेर नयाँ स्वाद चाख्न हो, मुहार फेर्न, जनताको हितमा ऐन कानुन बनाउन होइन, जसरी भए पनि सत्तामा पुग्ने र गठबन्धन जोगाउने काममा तल्लीन देखिएको बताउँछन् । सत्ताको लागि गठबन्धन तोड्ने, नयाँ बनाउने र भागबन्डामा लागी मिलीजुली खाने दलका शासकहरूकै कारण देश र जनताको समस्या जहाँको तहीँ रहेको हो । जनताको समाधान एकपछि अर्को हल गर्नुको सट्टा समस्या थप्दै जाने र विवादित या अनेक प्रकरणमा मुछेका सांसदलाई मन्त्री बनाएर सुशासनको धज्जी उडाउने काम यो सरकारले गरेको छ । इमानदारीपूर्वक राजनीति नगर्ने या नैतिकतालाई धरापमा पार्ने शासकहरूले जनतालाई इमानजमानको के पाठ सिकाउने हुन्त्र कसरी सुशासनको अनुभूति देलान् ? शङ्का गर्ने ठाउँ छ । ललिता निवास प्रकरण, भुटानी शरणार्थी, सुन काण्ड, प्रेस काण्ड, औषधि काण्डजस्ता भ्रष्टाचारजन्य प्रकरणमा मुछिएका व्यक्तिहरूलाई सुरु सुरुमा धमाधम कारबाही गर्ला भन्ने विश्वास जनतामा थियो । जनताको त्यो आशा र विश्वास निराशामा बदलियोत्र भ्रष्टाचारको प्रकरणमा परेका नेता, मन्त्री तथा सांसदहरू कारबाहीमा परेननत्र उनीहरूले कारबाहीको प्रक्रिया अगाडि बढाएनन् । बरु शासकहरू तिनीहरूलाई मुक्त गर्न गृहकार्य गर्दै छन् । तिनीहरू नै देशमा सुशासन र विधिको शासन ल्याउने दाबी गर्छन् ।

शासकहरूले राजनीतिक संस्कार र मर्यादा पालना नगर्दा देश र जनताको निम्ति भनिएको राजनीति फोहरको राजनीतिमा फेरियो । हिजो कम्युनिस्ट भनिने शासक दलका नेताहरूले एकले अर्कोलाई बेइमान, गणतन्त्रविरोधी, प्रतिक्रियावादी पोस्ने, धोकेबाजको तक्मा भिराए भने आज तिनै दलहरूसँग घाँटी जोड्न पुगेत्र तिनै नेताहरू प्रिय, मित्र र विचार मिल्ने भनी नजिकिए । भन्न नहुने, नसुहाउने शब्दको वाण प्रयोग गरेका ती नेताहरू आज कसरी मित्र भए ? सहमति तोडेर कुनै कसैसँग सम्झौता नगर्ने वाचा खाएका ती नेताहरूले इज्जत, प्रतिष्ठा सबै फालेर किन सहमति तोडे ? आज तिनीहरू झिना मसिना कारण देखाएर सहमति तोडेको आ□नो गल्ती छोप्छन् । बाचुञ्जेल राष्ट्रमा 'उथलपुथल' गर्ने माओवादीले विगतमा के के उथलपुथल गरे ? स्मरण गरेको छ ? 'जनयुद्ध' को नाउँमा सरकारसमक्ष आत्मसमर्पण गरेर क्रान्तिकारी बाटो त्यागी संसद्वादी हुनु पनि उथलपुथल नै होला । 'जनयुद्ध' को नाउँमा बैङ्क लुटेर, घर जग्गा र जनताको सम्पत्ति लुटेर आर्जन गरेको सम्पत्तिमा भ्रष्टाचार भयो भनी आ□नै पार्टीका नेता तथा कार्यकर्ताहरूको भनाइलाई छोपेर गुपचुप गर्नु पनि उथलपुथल नै होला । माओवादी लडाकुको सङ्ख्या यथार्थभन्दा बढी देखाएर पार्टीले सरकारसँग लिएको करोडौँ अरबौँको सम्पत्ति झ्वाम पार्नु पनि उथलपुथल नै होला । एमालेसँग पार्टी एकता गर्नु, एकताको स्वाद लिन नपाउँदै फेरि टुक्रिनु पनि उथलपुथल नै होला । माओवादी केन्द्रले क्रान्तिकारी बाटो छोडेपछि सो दलबाट अन्य माओवादी दल टुक्रिनु पनि उथलपुथल नै होला । पछिल्लो चरणको उथलपुथलको कुरा त भन्नैपर्दैन ।

१४ महिनामा तीनपटक गठबन्धन सरकार बन्नु पनि 'उथलपुथल' नै मान्नुपऱ्यो । देशमा आर्थिक सङ्कट निम्तिनु, विदेशी सहयोग र अनुदानमा देशको बजेट तयार गर्नु, देश भ्रष्टाचारको सूचीमा पर्नु, अनेक काण्ड र प्रकरणको मुद्दामा परेका व्यक्तिहरूको कारबाही प्रक्रिया अघि नबढाई गुपचुप राख्नु या मौन बस्नु, ज्यान मुद्दामा परेका, भ्रष्टाचार, हत्या, हिंसा, अनियमितता गर्ने व्यक्तिहरूलाई छुट दिने काम पनि प्रधानमन्त्री दाहालको नजरमा उथलपुथल भयो । इमान र निष्ठाको राजनीति छोडेर भ्रष्ट आचरणका व्यक्तिहरूको पछि लाग्नु, देशघाती र जनविरोधी एमसीसी सम्झौता गर्नु पनि 'उथलपुथल' का दृष्टान्तहरू होला । आज नेपाली जनता त्यस्तै अवसरवादी, संशोधनवादी, नक्कली कम्युनिस्ट पार्टीहरूको पछि लाग्नु परेको छ । त्यस्तो पार्टीले देश जोगाउँदैन, देश बनाउँदैन । तर, पार्टी ठुलो बनाएर धनी बनाउँछ र श्रमजीवी जनतामाथि राज गरिरहन्छ ।

# सम्बन्ध : नेताहरूबिचको विश्वास र आर्थिक पक्ष

✍ राजन

हिजो संसद्बाट प्रचण्डले विश्वासको मत पाएको समाचारले सर्वसाधारण जनतालाई 'रुनु कि हाँस्नु' भनेजस्तै भएको हुनुपर्छ । संसद्मा विश्वासको मत दिने विश्वासघातको पर्याय रहेका सांसदहरूको अनुहार हेर्दा मनमा अविश्वासको हुण्डरी मच्चिरहेको अनुमान जो कोहीले लगाउन सक्छ । मन अविश्वासले भरिरहे तापनि अनुहारमा एकले अर्कोलाई कृत्रिम विश्वास देखाइरहेका थिए । कति नाटक र नौटङ्की !

*नेताहरूले देखाएको धेरै यस्तै खाले व्यवहारले जनताबाट विश्वास गुमाइसकेका छन् । भ्रष्टाचार, पारदर्शिताको अभाव, पक्षपातपूर्ण राजनीति र स्वार्थपूर्ण कार्यजस्ता सार्वजनिक विश्वासलाई धोका दिने व्यवहारले राजनीतिज्ञ र सरकारी संस्थाहरूमाथिको घट्दो विश्वासको कारण बनेको छ । विश्वास पुनर्निर्माण गर्न राजनीतिज्ञहरूले पूर्ण इमानदारी, निष्ठा, जवाफदेहिता र सार्वजनिक हितको सेवा गर्ने प्रतिबद्धता प्रदर्शन गर्न आवश्यक छ । घुसखोरी, हिनामिनाजस्ता भ्रष्ट अभ्यासहरूमा नेताहरू संलग्न हुनुले सरकारी संस्थाहरूमा जनताको विश्वास कम हुन गएको हो । उदारहणको लागि सरकारी अस्पताल र सरकारी विद्यालयको बिजोग छ भने निजी क्षेत्रका अस्पताल र विद्यालयहरूहरू फलिफुलिरहेका छन् । सरकारबाट सञ्चालित उद्योग ध्वस्त हुँदै गएर निजी क्षेत्रका उद्योगले एकाधिकार कायम गरिरहेका छन् ।*

कोही विश्वसनीय, इमानदार र भरपर्दो छ भने हामी उनलाई विश्वास गर्छौं । विश्वास गर्नु भनेको उनले जे भन्छन् त्यही सही हुनुपर्छ भन्ने ठान्नु हो । मानिसहरूलाई सँगै काम गर्न, सम्बन्ध निर्माण गर्न र सुरक्षित महसुस गर्न मद्दत गर्ने भएकोले समाजमा विश्वास महत्त्वपूर्ण छ । समुदाय र सम्बन्धहरूलाई सँगै राख्न सिमेन्टले जस्तै जोड्ने भएकोले विश्वासले मानिसहरूबिच सामूहिकरूपमा अगाडि बढ्न सजिलो बनाउँछ ।

नेपाली राजनीतिक मञ्चमा देखिरहेको पछिल्लो घटनाक्रमलाई हेर्दा राजनीतिज्ञहरूबिच विश्वासको खडेरी भएको प्रस्ट हुन्छ । नेताहरूले आज बोलेको कुरा भोलिसम्म कायम नहुने हुँदा उनीहरूबिच एकआपसमा विश्वासको वातावरण बन्न सकेको छैन भने यसको दूरगामी प्रतिकूल असर देश र जनतामा परेको छ । अहिले अमुक नेताले अर्को नेतामाथि विश्वासघात गर्नुलाई गतिशील नेता भन्दै नेपाली राजनीतिमा विश्वासघातलाई वैधानिकता दिने चलन आइसकेको छ । भर्खरैमात्र माओवादी पार्टीका नेता प्रचण्डले खुलम खुला "म भएसम्म देशमा उथलपुथल भई नै रहन्छ" भनेर राजनीतिक अस्थिरतालाई आफ्नो नैसर्गिक अधिकारको रूपमा लिए । मूल्यमान्यता वा सिद्धान्तको विपरीत कार्य गर्न दलहरूबिच होडबाजी नै चलेको हुँदा नेताहरू एकले अर्काको मात्र नभई जनताको विश्वास पनि गुमाएका छन् । माओवादी र एमालेबिच सम्झौता तोडियो, काङ्ग्रेस माओवादी बिचको सम्झौता तोडियो वा तराईकेन्द्रित दलबिच सम्झौता तोडियोजस्ता समाचार बारम्बार जनताले सुनिरहनुपरेको छ । भनिन्छ, चोरहरूको पनि आचारसंहिता हुन्छ; एकले अर्कोलाई विश्वासघात नगर्ने ताकि तिनीहरूको कार्य भविष्यमा पनि जारी नै रहोस् । नेताहरूले एकले अर्कोलाई घात गरेको हेर्दा त यिनीहरू विश्वासै गर्न नमिल्ने भइसकेका छन् ।

राजनीतिज्ञहरूबिचको विश्वासको कमीले लोकतन्त्रको जगलाई कमजोर बनाउनुको साथै सामाजिक अशान्ति सिर्जना हुन गई सामाजिक चुनौतीहरूलाई सम्बोधन गर्नमा बाधा पुऱ्याउँछ । राजनीतिज्ञहरूले पारदर्शिता, जवाफदेहिता र इमानदारिताको सिद्धान्तलाई विश्वासको पुनर्निर्माण गर्न र स्वस्थ राजनीतिक वातावरण नहुँदा एकले अर्कोलाई शङ्काको नजरले लिने भए । राजनीतिज्ञहरूबिच विश्वासको कमी हुँदा समाजमा गम्भीर नकारात्मक प्रभाव पार्छ ।

अर्को महत्त्वपूर्ण कुरा के हो भने लोकतान्त्रिक प्रणाली सञ्चालनका लागि विश्वास आवश्यक हुन्छ तर नेता र संस्थाहरूमाथिको विश्वासमा कमी हुँदा कानुनको शासनको सम्मान, नागरिक स्वतन्त्रताको संरक्षण र निष्पक्ष निर्वाचन प्रक्रियाको पालनालगायत लोकतान्त्रिक मूल्य मान्यतामा चोट पुग्नेछ । यो वास्तविकतालाई पुष्टि गर्दै अहिले राजावादीहरू भनिरहेका छन्, "सरकारमा बस्ने राजनीतिक दलहरूबिच विश्वासको कमी हाम्रो लागि राम्रो वातावरण बनिरहेको छ ।"

नेताहरूले देखाएको धेरै यस्तै खाले व्यवहारले जनताबाट विश्वास गुमाइसकेका छन् । भ्रष्टाचार, पारदर्शिताको अभाव, पक्षपातपूर्ण राजनीति र स्वार्थपूर्ण कार्यजस्ता सार्वजनिक विश्वासलाई धोका दिने व्यवहारले राजनीतिज्ञ र सरकारी संस्थाहरूमाथिको घट्दो विश्वासको कारण बनेको छ । विश्वास पुनर्निर्माण गर्न राजनीतिज्ञहरूले पूर्ण इमानदारी, निष्ठा, जवाफदेहिता र सार्वजनिक हितको सेवा गर्ने प्रतिबद्धता प्रदर्शन गर्न आवश्यक छ । घुसखोरी, हिनामिनाजस्ता भ्रष्ट अभ्यासहरूमा नेताहरू संलग्न हुनुले सरकारी संस्थाहरूमा जनताको विश्वास कम हुन गएको हो । उदारहणको लागि सरकारी अस्पताल र सरकारी विद्यालयको बिजोग छ भने निजी क्षेत्रका अस्पताल र विद्यालयहरूहरू फलिफुलिरहेका छन् । सरकारबाट सञ्चालित उद्योग ध्वस्त हुँदै गएर निजी क्षेत्रका उद्योगले एकाधिकार कायम गरिरहेका छन् ।

त्यसैगरी आर्थिक गतिविधिमा सामूहिकरूपमा संलग्न हुन, लेनदेनमा संलग्न हुन र लगानी गर्न मानिसहरूको इच्छालाई नकारात्मक असर पार्ने भएकोले अर्थशास्त्रमा विश्वासको महत्त्व हुन्छ । जब क्रेता र बिक्रेता, ऋणदाता र ऋणी, रोजगारदाता र कर्मचारीहरूबिच विश्वास हुन्छ, यसले लेनदेन लागत घटाउँछ र आर्थिक गतिविधिलाई उत्प्रेरित गर्छ । विश्वासले सहयोगलाई बढावा दिन्छ, निष्पक्ष प्रतिस्पर्धालाई बढावा दिन्छ र अन्ततः आर्थिक वृद्धि र समृद्धिमा योगदान पुऱ्याउँछ । विश्वासबिना बजार अकुशल हुन्छ । कम लगानी, सुस्त आर्थिक गतिविधि र समग्र कल्याण कम हुनुमा विश्वासको कमीको कारण हुन्छ । विश्वासको कमीले लेनदेनमा बाधा पुऱ्याएर, लागत बढाएर, लगानी र नवप्रवर्तन घटाएर र संस्थाहरूलाई कमजोर बनाएर स्वस्थ अर्थतन्त्रको आधारलाई कमजोर बनाउँछ । जब मानिसहरूबिच विश्वासको कमी हुन्छ, यसले आर्थिक स्थितिमा धेरै नकारात्मक प्रभाव पार्छ । यदि मानिसहरू एकआपसमा विश्वास गर्दैनन् भने तिनीहरूसँग लेनदेन गर्न हिच्चकिचाउँछन् । अर्को कुरा लगानीकर्ताहरू आफ्नो लगानी असुरक्षित हुने डरले विश्वासको कमी भएका क्षेत्रमा लगानी गर्न डराउँछन् । यसरी समग्र लगानी स्तर घट्दा आर्थिक वृद्धि रोकिन्छ । बैङ्कहरू, कानुनी प्रणालीहरू र सरकारी संस्थाहरू प्रभावकारीरूपमा काम गर्ने वातावरण विश्वासमा भरपर्छ । यी संस्थाहरूमा विश्वासको कमी हुँदा आर्थिक प्रणालीको स्थिरता र निष्पक्षतामा विश्वासको कमी भएर आर्थिक गतिविधिलाई अझ कमजोर बनाउँछ ।

यसरी नेताहरूबिच विश्वास र आर्थिक पक्षबिच गहिरो सम्बन्ध भएको हुँदा नेताहरूबिचको विश्वासले देशको आर्थिक पक्षमा महत्त्वपूर्ण प्रभाव पार्छ । उच्च विश्वास हुँदा नीति निर्माताहरूले प्रभावकारी आर्थिक नीतिहरू लागु गर्ने सम्भावना बढी भएर स्थायित्व, लगानी र आर्थिक वृद्धि हुन्छ । यसको विपरीत विश्वासको अभावले नीतिगत अनिश्चितता निम्त्याउँछ । निर्णय लिन ढिलो हुँदा लगानीमा बाधा पुग्छ र अन्ततः आर्थिक कार्यसम्पादनमा सुस्तता आउँछ । तसर्थ, नेताहरूबिचको विश्वासले आर्थिक समृद्धिको लागि अनुकूल वातावरण प्रवर्द्धन गर्न महत्त्वपूर्ण आधारको रूपमा काम गर्ने भएकोले नेताहरूले आफुले बोलेको कुराको ख्याल राख्नुपर्छ । अल्पकालीन हितलाई ध्यान दिनुभन्दा राजनीतिज्ञहरूले सार्वजनिक हितको सेवा गर्न, लोकतान्त्रिक मूल्य कायम राख्ने आफ्नो प्रतिबद्धता देखाउनुपर्छ ।

# के गल्ली नगर होइन ?



पाठक पत्र

majdurdaily@gmail.com

'सुँगुरको खोरजस्तो भक्तपुर' आज सफा नगरमा परिणत भएको छ । तर, सफाइ भनेको मौसमी र आवधिक होइन, दैनिक हुनुपर्छ । त्यसैले भक्तपुर सफा भयो । यो सफा जनप्रतिनिधिको कारण भयो कि सफाइ कर्मचारीको कारण ? मलाई लाग्छ, जनप्रतिनिधि र सफाइ कर्मचारीको होस्टेमा नगरवासीको हैँसेको कारण भएको हो । त्यसैले यसको श्रेयका हकदार ती नै पक्ष हुन् ।

तर, कतिपय सफाइ मजदुरमा उसैले गरेरमात्र सफा भएको भन्ने मात चढेको छ । यथार्थमा जनप्रतिनिधि फेरिन्छन्, सफाइ कर्मचारी जान्छन्-आउँछन् तर नगरवासी स्थायी हुन्छन् । नगरवासीमा सफाइप्रति आएको सचेतताकै कारण भक्तपुर सफा भएको भन्दा अतिशयोक्ति हुनेछैन ।

अहिले सफाइको काम, फोहोर सङ्कलनको काममा कहीँकतै समस्या देखिन थालेको छ । कुनै भित्री सडक, गल्लीमा बाटो बनाउने, ढल निकासको काम भयो भने हप्तौँसम्म फोहर सङ्कलन गर्नै आउँदैन । काम सके पनि 'बाटो बिग्रेको छ' भनी सङ्कलकहरू पन्छिन खोज्छन् । कुनै चौबाटोमा एकैछिन 'यो नगर भक्तपुर...' बजाउँछन् र कुदिहाल्छन् । घरबाट फोहोरको बाल्टिन लिएर दौडँदा पनि भेटाउन सकिन्न । भेटाएको दिन बाटो बनिसक्यो, एकैछिन कुर्नुस् भन्यो भने 'चित्त नबुझे जहाँ सक्छ त्यहाँ उजुर दिनु' भनी ठाडो जवाफ दिन्छ । केही कारबाही नहुने भएकैले त्यस्तो फूर्ति गरेको हो कि ? अनि जवाफ मुखले मात्र दिने कि टोलवासी, गल्लीवासी एकगठ भएर 'तगडा जवाफ' दिने ? के गल्ली नगर होइन ? गल्लीवासी नगरवासी होइनन् ? गल्लीवासीले सफाइकर तिर्दैनन् ? कर्मचारीहरूको संस्कार त्यस्तो हो कि ? संस्कृति बनाउन नसकेको हो ?

समग्रमा भक्तपुर नपाले के बुझ्नुपर्छ भने अभद्रताको जवाफ भद्रता नै हुन्छ भन्ने छैन । भक्तपुरका मूल सडकका साथै गल्ली पनि सफा हुनुपर्छ । बजार र गल्लीका नगरवासीको सेवाको लागि कर्मचारी हो, कर्मचारीको धम्की र असभ्य व्यवहार व्यहोर्न नगरवासी बाध्य छैनन् ।


*- के. श्रेष्ठ*

# सहकारी सामूहिकता हो


योगेन्द्रमान बिजुक्छें

**समाजका अधिकांश सामान्य मानिसलाई यी असमानता र शोषण सामान्य र सहज लाग्थ्यो। उनीहरू यसलाई प्राकृतिक नियम र प्राकृतिक वस्तुसँग तुलना गर्थे। मानव समाजमा देखिएका यी असमानताहरूलाई मानव सिर्जित ठान्दैनथे। तर, मानव समाजमा देखिने परिवर्तनलाई गहिरिएर नियाल्ने केही मानिसहरूले यसबारेमा मिहीनरूपमा चिन्तन गर्थे र असमानता र अन्यायको जरा पहिचान गरी समाधानको उपायको बारेमा सोच्थे। यसरी चिन्तनमनन गर्ने चिन्तकहरू नै दार्शनिक भए। मानव समाजको मात्र होइन प्राकृतिक घटना र परिघटनाबारे पनि यी दार्शनिकहरू चिन्तनमनन गर्थे।**

सहकारी अभियान आज हाम्रो दैनिक जीवनको अभिन्न अङ्ग हुँदै छ। हाम्रो प्रत्येक चोक र गल्लीमा कुनै न कुनै सहकारी संस्था भेटिन्छ। एकको लागि सबै र सबैको लागि एकको आदर्श बोकेको सहकारी अभियानमा संलग्न नभएका हामी सायदै हौँला। तर, सहकारीको मूल मर्म र आदर्शको भावनालाई आत्मसात गरी कति सहकारी संस्थाहरू कार्यरत छन् भन्ने प्रश्न तड्कारोरूपमा उठिरहेको छ। सरल भाषामा भन्दा सामुदायिक स्वार्थको लागि कार्य गर्नुपर्ने सहकारी संस्थाका अगुवाहरू अथवा सञ्चालकहरू नै निजी स्वार्थमा लिप्त भएर सामूहिक सम्पत्तिलाई निजी स्वार्थमा उपयोग गर्दै सहकारीको नाममा चोक, गल्लीमा सामान्य बचतकर्ताहरूलाई त्राहिमाम पार्दै छन्। अस्वाभाविक बढी ब्याजको पासो थपी सर्वसाधारणको घर खेत, भविष्यका सपनाहरू चकनाचुर पार्ने आपराधिक कार्यसमेत हुँदै आएको देख्दा यसलाई सहकारी आतङ्कभन्दा अन्यथा नहोला। यस्तो प्रवृत्ति किन र कसरी भयो भन्ने कारणलाई खोतल्दा सहकारी ऐननियम र सरकार जिम्मेवार भएको भेटिन्छन्। तर, आज यो आलेखको उद्देश्य सामूहिक स्वार्थमा समर्पित हुनुपर्ने सहकारीहरू कसरी व्यक्तिगत शुभलाभका लागि काम गर्दै छन् भन्ने कारण खोतल्नुभन्दा व्यक्ति र व्यक्तिवादभन्दा कसरी सामूहिकतावादले सबैको हित गर्छ भन्ने दार्शनिक पक्षलाई चर्चा गर्नु हो।



'सामूहिक स्वार्थ नै हाम्रो स्वतन्त्रता र समानता' - जाँ जाक रुसो



जोन लक

*मानव सभ्यता सुरु हुनुभन्दा धेरै समयअघि मानव समाजको एउटा अवस्था थियो, जुनबेला कुनै व्यक्तिको आफ्नै व्यक्तिगत सम्पत्तिको व्यवस्था भएको थिएन। मानिसहरू सँगै बस्थे, खानाको लागि सबै मिलेर सिकार गर्थे र बाँडीचुँडी खान्थे। त्यतिबेला परिवारको पनि विकास भएको थिएन। केटाकेटीका बुबा को हुन् छुटिँदैनथे। सङ्कट पर्दा सबै मिलेर सामना गर्थे तर जीवन सहज थिएन। धनी, गरिब र उँचनीचको भेद नभएकोले समाज सामान्य थियो। कुनै जटिलता थिएन। सबैको सामाजिक तह बराबर थियो र वर्ग विभेद पनि थिएन। प्रविधिको कुनै विकास नभएको यस अवस्थामा मानिसको मुख्य शक्ति भनेकै उसको शारीरिक परिश्रम थियो।*

**आदिम समाजमा सामूहिकता**

वैज्ञानिक समाजवादका प्रवर्तक कार्ल मार्क्स र एङ्गेल्सले मानव समाजको विकासको एउटा चरणलाई आदिम साम्यवाद (Primitive Communism) नामकरण गरेका छन्। मानव सभ्यता सुरु हुनुभन्दा धेरै समयअघि मानव समाजको एउटा अवस्था थियो, जुनबेला कुनै व्यक्तिको आफ्नै व्यक्तिगत सम्पत्तिको व्यवस्था भएको थिएन। मानिसहरू सँगै बस्थे, खानाको लागि सबै मिलेर सिकार गर्थे र बाँडीचुँडी खान्थे। त्यतिबेला परिवारको पनि विकास भएको थिएन। केटाकेटीका बुबा को हुन् छुटिँदैनथे। सङ्कट पर्दा सबै मिलेर सामना गर्थे तर जीवन सहज थिएन। धनी, गरिब र उँचनीचको भेद नभएकोले समाज सामान्य थियो। कुनै जटिलता थिएन। सबैको सामाजिक तह बराबर थियो र वर्ग विभेद पनि थिएन। प्रविधिको कुनै विकास नभएको यस अवस्थामा मानिसको मुख्य शक्ति भनेकै उसको शारीरिक परिश्रम थियो। व्यक्तिभन्दा सामूहिकताको भावना प्रबल थियो। त्यसैले, यस चरणको समाजलाई मार्क्सले आदिम साम्यवादको दर्जा दिएका थिए। तर, मानव समाज विकासको क्रम अगाडि बढ्दै जाँदा समाजको आकार पनि ठूलो हुँदै गयो र सोहीअनुसार जटिलता पनि बढ्दै गयो। कृषि कर्म हुँदै मानव समाज सभ्यताको युगमा प्रवेश गरेपछि विस्तारै समाजमा जटिलता थपिँदै गयो। *(आदिम साम्यवादसम्बन्धी थप जानकारीको लागि साहित्यकार हरिबहादुर श्रेष्ठद्वारा लिखित 'समाज विकासको एक झलक अध्ययन गर्नुहोला।)*

**जटिल समाजको बारेमा चिन्तन**

दासयुग, सामन्तवादी युग हुँदै पुँजीवादी चरणमा समाज पदार्पण हुँदा समाजमा झन्झन् जटिलता थपिँदै गयो। मानव समाज सभ्यताको युगमा प्रवेश गर्दै जाँदा विस्तारै जटिलता थपिँदै गयो। मानव-मानवबिच धेरै कुरामा विभेद देखिँदै गयो। धनी र गरिब, उच्च जात र तल्लो जात, महिला र पुरुष, दास र दास मालिक, जमिनदार र भूदास गर्दै मानव समाज वर्गमा विभाजित हुनथाल्यो। यी वर्गबिच कलह र द्वन्द्व पनि थपिँदै गयो। समाजमा जटिलता थपिँदै गएअनुसार मानिस-मानिसबिच असमानता, थिचोमिचो, शोषण रअन्याय पनि थपिँदै गयो।

समाजका अधिकांश सामान्य मानिसलाई यी असमानता र शोषण सामान्य र सहज लाग्थ्यो। उनीहरू यसलाई प्राकृतिक नियम र प्राकृतिक वस्तुसँग तुलना गर्थे। मानव समाजमा देखिएका यी असमानताहरूलाई मानव सिर्जित ठान्दैनथे। तर, मानव समाजमा देखिने परिवर्तनलाई गहिरिएर नियाल्ने केही मानिसहरूले यसबारेमा मिहीनरूपमा चिन्तन गर्थे र असमानता र अन्यायको जरा पहिचान गरी समाधानको उपायको बारेमा सोच्थे। यसरी चिन्तनमनन गर्ने चिन्तकहरू नै दार्शनिक भए। मानव समाजको मात्र होइन प्राकृतिक घटना र परिघटनाबारे पनि यी दार्शनिकहरू चिन्तनमनन गर्थे। ईसापूर्व करिब ६०० देखि ५०० वर्षतिर युनान (ग्रीस) मा थालेज, अनाक्सागोरस, पाइथागोरसहरू देखापरे जसले पृथ्वीमा भएका पानी, माटो अनि आकाशको बारेमा चिन्तन सुरू गरे। त्यस्तै ईसापूर्व ४०० पछि समाजको बारेमा चिन्तन गर्ने सुकरात, प्लेटो, अरस्तुदेखि अरू धेरै दार्शनिकहरू युनानमा देखिए। यता दक्षिण एसियामा बुद्ध, महाविर वर्दमान, पूर्वी एसियामा कन्फ्युसियस र लाओत्सेहरू जन्मिए जसले समाजमा देखिएका असमानता र विभेदको बारेमा चिन्तनमनन गरे तथा त्यसका निराकरणको उपाय सोचे र सुझाए। यसरी मानव समाजमा देखिने नयाँ जटिलता र समास्याको बारेमा सोच्ने र चिन्तन गर्ने दार्शनिकहरू हरेक युगमा जन्मेको देखिन्छ।

**प्रबोधन (Enlightenment) को युग र परम्परागत मान्यतामा प्रश्न**

१६ औँ र १७ औँ शताब्दीमा युरोपमा विकास भएको बौद्धिक चिन्तनको युग (Age of Enlightenment) ले हरेक घटनाको कारण हुन्छ र त्यसको प्रभाव पनि हुन्छ अथवा कार्य र प्रभाव (Cause and Effect) को सम्बन्ध हुन्छ भन्ने मान्यतालाई स्थापित गर्यो। वास्तवमा यही प्रबोधनको युगको कारणले युरोपमा विज्ञान र प्रविधिको विकासमा मलजल गर्यो। प्रबोधनको युग अनि यसले विज्ञान र प्रविधिको विकास गर्न गरेको सहयोगले हिजो समाजमा सदियौँदेखि व्याप्त परम्परागत मान्यताहरूमाथि ठूलो प्रश्न चिह्न उठायो। मानव जीवन र भौतिक संसारका विभिन्न पक्षहरूका बारेमा जानकारी लिन तत्पर हुने र हरेक विचार र कथनलाई आँखा चिम्लेर विश्वास गर्नेभन्दा किन र कसरी भनेर आलोचनात्मक दृष्टिकोणले वास्तविकतासम्म पुग्न सामान्य मानिस पनि सचेत हुन मानिसलाई सिकायो। यही युगको परिणामस्वरूप मानिसहरूले त्यतिबेला सोच्न थाले-हामी आफ्नो आँखाले देख्न नसक्ने अमूर्त र निराकार ईश्वरको कुरा र चिन्ता किन गर्छौं ? बरू यही धरती, जीव र जगत अनि हाम्रै आफ्नै मानव शरीरको बारेमा बढी चिन्तन र मनन किन नगर्ने ? प्रबोधनको युगले सिकाएको यही नवीन विचारले युरोपमा वैज्ञानिक विचार फुल्न र फल्न उर्वरभूमि प्रदान गर्यो। यही युगले भोल्टायर, रूसो, मोन्टेस्क्यु, जेरमी बेन्थम, डेभिड ह्युम, आडम स्मिथ, इमान्युल कान्त र थोमस जेफरसनजस्ता दार्शनिक व्यक्तित्वहरूलाई जन्मायो। यी व्यक्तित्वहरूको विचार र चिन्तनले युरोप र पश्चिममा अर्को राजनैतिक उथलपुथलको बिजारोपणसमेत गर्यो।

**प्राकृतिक मानिस आधुनिकतिर लम्किँदा**

प्रबोधनको युगको कारण तत्कालीन समाजमा मानिसहरूको सोच र व्यवहारमा आएको परिवर्तन तथा अन्य भौतिक परिवर्तनलाई धेरै चिन्तकहरूले सकारात्मकरूपले लिए र यसले नै मानव समाजको कल्याण हुने दाबी गर्यो। तर, केही चिन्तकहरूले यसलाई सुक्ष्म र आलोचनात्मक ढङ्गले सोच्ने गरे। यति नै बेला व्यक्तिको स्वतन्त्रता र व्यक्ति विशेषलाई केन्द्रमा राख्नुपर्छ भन्ने एउटा विचार देखापर्यो र अर्को विचारले समूह वा सामूहिकतालाई जोड दिँदा व्यक्ति विशेषले स्वतन्त्रता पाउने र उसको कल्याण हुने धारणा अगाडि बढ्यो।

व्यक्तिलाई प्राथमिकतामा राख्नुपर्ने विचारका पक्षधरमध्ये एक थिए अग्रज दार्शनिक जोन लक (सन् १६३२-१७०४)। जोन लक बाँच्न पाउने अधिकार, स्वतन्त्रताको अधिकार तथा सम्पत्तिको अधिकारका पक्षधर थिए। जोन लक ठान्थे, 'यी अधिकारहरूको रक्षा गरून्जेल मात्र कुनै सरकारको वैधानिकता रहन्छ। जब सरकारले जनताका यी अधिकारहरूको प्रत्याभूति गर्न सक्दैन, जनताले शान्तिपूर्वक वा हिंसात्मक उपायले उसलाई सत्ताच्युत गर्छन्। वास्तवमा जोन लकजस्ता चिन्तकको विचारले नै पछि उदारवादी विचारको उदय भयो। यसरी व्यक्तिगत स्वतन्त्रतालाई महत्त्व दिने क्रममा केही चिन्तकहरूले समाजलाई भिन्नै कोणबाट अध्ययन गरे।

प्रबोधनको युगले समाजमा ल्याएको परिवर्तनलाई फरक दृष्टिकोणले हेर्ने एक चिन्तक थिए जाँ जाक रुसो (सन् १७१२-१७७८)। प्रबोधनको युगले समाजमा ल्याएको परिवर्तन एवं विज्ञान र कलाको पुन:स्थापनाका कारण मानिसहरूले त्यस समयप्रति ठूलो गर्व गर्दै गर्दा स्वीट्जरल्यैन्डको जेनेभामा जन्मेका रुसोको फरक दृष्टिकोण र व्याख्या आजको हाम्रो समाजको सन्दर्भसँग कता कता मेल खान आउँछ। रुसोको विचारमा आधुनिकतातिर लम्कँदै गरेको भनिएको त्यो समाज वास्तवमा कृत्रिमता र देखावातिर गइरहेको थियो। विज्ञान, कला र प्रविधिलाई जोड दिइरहेको त्यो समाजमा मानिसले आफ्नो प्राकृतिक गुण र मौलिक स्वभावलाई बिर्सँदै गएको ज्ञान र विज्ञानको विकासको नाममा मानिसले आधारभूत मानवीय विशेषता गुमाएको र पढेलेखेका र बौद्धिक भनिएका मानिस खुसी दासजस्ता भएको रुसोको ठम्याइ थियो। रुसोका अनुसार आधारभूत मानवीय गुणहरू भनेका साहस, समानता, दया, देशभक्ति र धर्मप्रतिको आस्था थियो। प्राकृतिक स्वरूपमा रहेको मानिस आधुनिक भनिएको समाजको हिस्सा भएपछि मानिसको लागि वस्तुको उपभोग आवश्यकता नभएर देखाउने चिज हुन गयो, अरूभन्दा आफू कसरी फरक र समृद्धि हुने भन्नेमा तल्लीन हुनथाल्यो, मानिसमा लोभ र आकाङ्क्षा बढ्न थाल्यो, आफूसँग नभएको कुरा पनि भएको जस्तो देखाउन मानिसले नक्कलबाजी गर्न थालेको रुसोको मत थियो। मानवीय गुण र स्वभावमा आएको यस परिवर्तनले समाजमा विस्तारै असमानता बढ्न थालेको र प्राकृतिकरूपमा आफू बाँच्दै गरेको मानिस आधुनिक समाजमा आफू बाहिर र अरूका लागि बाँच्ने गरेको मानिसलाई रुसोले बुर्जुवा प्रवृत्ति भने।

**निजी होइन सार्वजनिक स्वार्थ**

आधुनिक भनिएको समाजमा मानिसको प्राकृतिक स्वभावमा आएको परिवर्तन र यसले समाजमा ल्याएको असमानताको चर्चा गर्न रुसो मानिसको स्वतन्त्रताको पक्षमा पनि दर्हो उभिएको पाइन्छ। रुसोको चर्चित भनाइ हो - मानिस स्वतन्त्र जन्मन्छ तर जताततै साङलाले बाँधेको हुन्छ। यसको तात्पर्य हो, मानिस प्राकृतिकरूपमा स्वतन्त्र हुन्छ। तर, विभिन्न सामाजिक बन्दोबस्त जस्तै: वर्ग विभाजन, उत्तरदायित्व र शक्तिको असमान वितरणले मानिसको स्वतन्त्रता कुण्ठीत हुन्छ। मानिसको स्वतन्त्रताको रक्षा कसरी हुन्छ भन्ने उपायको खोजीमै रुसोले सार्वजनिक वा व्यापक इच्छा (General Will) र निजी इच्छा वा स्वार्थ (Private Will) को अवधारणा प्रस्तुत गरे।

रुसोका अनुसार, मानिसले आफ्नो निजी स्वार्थ र चाहनालाई त्यागी समूह र सामूहिक सदस्यको हैसियतले सबैको हित रक्षा गर्नसक्ने स्वार्थ तय गर्ने अवस्थामा 'सार्वजनिक वा व्यापक इच्छा' को निर्माण हुन्छ। रुसोका अनुसार, समाजमा भएका खराबीबाट पार पाउन मानिस मानिसबिच सहकार्य आवश्यक हुन्छ। यस सहकार्यले मानिसको राम्रो पक्षको संरक्षण हुन्छ, यो सहकार्य भनेको मानिस मानिसबिचको सामाजिक सम्झौता (Social Contract) हो, यही सामाजिक अनुबन्ध सार्वजनिक स्वार्थको लागि पूर्वसर्त पनि हो। मानिसले आफ्नो निजी स्वार्थ समुदाय वा समूहको स्वार्थमा विलय गरेमा उसको स्वतन्त्रता कायम हुन्छ। रुसोको विचारमा आधुनिक समाजमा देखिने सम्पत्तिको असमानतालाई यस सार्वजनिक स्वार्थको निर्माणले निमिट्यान्न पार्ने होइन, सार्वजनिक स्वार्थले निर्देशित समाजमा मानिसले पाउने समान अधिकार र जिम्मेवारीका कारण उसले समान र उचित व्यवहारसमेत पाउँछ र समानताको अनुभूति हुन्छ।

यसरी रुसोको सामूहिकतावादको दर्शनले सहकारीको महत्त्वलाई उजागर गर्नुका साथै समग्र सहकारी अभियानलाई पनि दिशा निर्देश गर्छ। तल झर्दै गरेका हाम्रा सहकारीहरू र यसका अगुवा सञ्चालकहरूले रुसोको सार्वजनिक स्वार्थको अवधारणालाई गम्भीर भएर अध्ययन गर्नु नितान्त जरुरी देखिन्छ।

*स्रोत : संगम साकोस*



इजरायली बमबारी र खण्डहरबिच रमादान पर्व मनाउँदै दक्षिणी गाजास्थित रफा सहरको एक प्यालेस्टिनी परिवार । मार्च १३, २०२४ । अक्टोबर ७ यता गाजामाथि इजरायलले गरेको फासीवादी हमलाका कारण मृत्यु हुने प्यालेस्टिनीहरूको सङ्ख्या ३१ हजार २ सय ७२ भन्दा बढी भएको गाजास्थित स्वास्थ्य मन्त्रालयले जनाएको छ । *स्रोत : ग्लोबल टाइम्स ।*

# चिनियाँ विदेशमन्त्री वाङले आगामी हप्ता अस्ट्रेलिया भ्रमण गर्ने

सिड्नी, १४ मार्च (एएफपी) । चीनका विदेशमन्त्री वाङ यीले अर्को हप्ता अस्ट्रेलियाको भ्रमण गर्नुहुने भएको छ ।

सन् २०१७ पछि चिनियाँ विदेशमन्त्री वाङ उच्चपदस्थ अधिकारीको रूपमा अस्ट्रेलिया भ्रमण गर्ने पहिलो व्यक्ति हुनुहुन्छ । मानव अधिकार र प्रशान्त क्षेत्रमा चीनको बढ्दो कूटनीतिक तथा सैन्य प्रभाव भए पनि उहाँको भ्रमण दुई देशबिच सहज व्यापारिक सम्बन्ध स्थापनाका लागि हुन लागेको हो ।

अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले व्यापार अवरोध हटाउन ‘उल्लेखनीय प्रगति’ भएको उल्लेख गर्दै बिहीबार पत्रकारहरूसँग भन्नुभयो, “मलाई लाग्छ, वाङ यीले अस्ट्रेलिया भ्रमणलाई महत्त्व दिनु राम्रो कुरा हो ।”

चिनियाँ विदेशमन्त्रीले मार्च २० मा क्यानबेरामा विदेशमन्त्री पेनी वोङसँग ‘रणनीतिक वार्ता’ गर्ने कार्यक्रम छ ।

“हामी चीनसँग जहाँ सक्छौँ, त्यहाँ सहकार्य गर्न चाहन्छौँ, जहाँ आवश्यक छ त्यहाँ असहमत हुन चाहन्छौँ र हाम्रो राष्ट्रिय हितमा संलग्न हुन चाहन्छौँ,” वोङले एक विज्ञप्तिमार्फत जानकारी गराउनुभयो ।

“यदि हामीले हाम्रो मतभेदहरूलाई बुद्धिमानीपूर्वक मार्गनिर्देश गर्यौं भने स्थिर द्विपक्षीय सम्बन्धले दुवै देशलाई आ-आफ्नो राष्ट्रिय हितलाई अगाडि बढाउन सक्षम बनाउँछ भन्ने अस्ट्रेलियाको धारणा हो ।” सन् २०२२ मा अल्बानिजको मध्य-वामपन्थी लेबर पार्टीले सरकारको नेतृत्व गरेपछि अस्ट्रेलियाको चीनसँगको व्यापार सम्बन्धमा सुधार आएको छ ।

क्यानबेराले हुवावेलाई फाइभजी सम्झौतामा प्रतिबन्ध लगाएपछि चीनले सन् २०२० मा अस्ट्रेलियाका प्रमुख निर्यातमा थप कर लगाउँदै सहज व्यापारको वातावरणमा अवरोध ल्याएको थियो ।

पेइचिङले यसअघि नै अस्ट्रेलियाली कोइला, काठ र जौमा कर र प्रतिबन्धहरू हटाइसकेको छ । यसले अस्ट्रेलियाली वाइनमा लगाएको प्रतिबन्ध पनि हटाउने अपेक्षा गरिएको छ ।

मेलबर्नस्थित ट्रेजरी वाइन एस्टेट्सले यसै साता चिनियाँ र अस्ट्रेलियाली अधिकारीहरूले पाँच महिनाको समीक्षापछि वाइनको शुल्क हटाउने पेइचिङको ‘अन्तरिम मस्यौदा सङ्कल्प’ बारे सुझाव दिएको बताएको छ ।

यसले ‘आगामी हप्ताहरूमा’ अन्तिम निर्णयको अपेक्षा गरेको छ ।

सन् २०२३ को नोभेम्बरमा अल्बानिजले पेइचिङको सफल भ्रमण गर्नुभएको थियो र दुई देशबिचको सम्बन्धमा भएको प्रगतिलाई ‘धेरै सकारात्मक’ भन्नुभएको थियो । तर, रणनीतिक क्षेत्रमा भने दुई देशबिच मतभेद कायमै छ ।

गत महिना अस्ट्रेलिया सरकारले चिनियाँ मूलका अस्ट्रेलियाली विद्रोही लेखक याङ जुनलाई मृत्युदण्डको सजाय सुनाएपछि आक्रोश व्यक्त गरेको थियो ।

यस सन्दर्भमा वोङले भन्नुभएको थियो, “यस्ता निर्णयहरूले सम्बन्धमा ‘प्रभाव पार्नेछ’ ।”

अस्ट्रेलिया र उसका सहयोगीहरूले दक्षिण प्रशान्त क्षेत्रमा चीनको विस्तारित पहुँचलाई रोक्न खोजिरहेका छन् ।

पेइचिङले सन् २०२२ मा सोलोमन आइल्यान्ड्ससँग गोप्य सुरक्षा सम्झौता गरेपछि क्यानबेरा र वासिङ्टनले चीनविरूद्ध तीव्र आलोचना गरेका थिए ।

अस्ट्रेलियाले दक्षिण चीन सँगरमा पेइचिङको सार्वभौमिकताको दाबीको विरोध गर्न अमेरिका र यस क्षेत्रका एसियाली देशहरूलाई पनि समर्थन गर्दछ ।

यदि वाइनको शुल्क हटाइयो भने अस्ट्रेलियाली पराल र गाइको मासुमा मात्र चिनियाँ प्रतिबन्ध कायम रहनेछ ।

# मुलुकको लागि ‘कठिन’ समयमा मतदान गर्न पुटिनको रुसी जनतासँग आग्रह

मस्को, १४ मार्च (एएफपी) । रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले मुलुकको लागि ‘कठिन’ समयमा आएको साताको अन्त्यमा हुने निर्वाचनमा मतदान गर्न रुसी जनतासँग बिहीबार आग्रह गर्नुभएको छ । लामो समयसम्म सेवारत पुटिनले एकपटक पुनः सत्तामा आफ्नो पकड बलियो बनाउन चाहनुभएको छ ।

क्रेमलिनले पुटिन यसै साताको अन्त्यमा हुने निर्वाचनबाट अर्को ६ वर्षको कार्यकाल सुरक्षित गर्न तयार हुनुभएको भन्दै निर्वाचनले युक्रेनमा रुसको आक्रमणपछाडि समाजको हात रहेको देखाउने बताएको छ ।

मतदानको पूर्वसन्ध्यामा रुसी जनतालाई सम्बोधन गर्दै पुटिनले भन्नुभयो, “म आश्वस्त छु, हाम्रो मुलुक कस्तो कठिन अवस्थाबाट गुज्रिरहेको छ र हामी करिब सबै क्षेत्रमा कति जटिल चुनौतीहरूको सामना गरिरहेका छौँ भन्नेबारे तपाईँहरूले बुझ्नुभएको छ । उनीहरूलाई गरिमापूर्वक जवाफ दिन र कठिनाइहरू सफलतापूर्वक पार गर्न हामीले एकताबद्ध र आत्मविश्वासी बन्न जारी राख्नुपर्छ ।”

मार्च १५ देखि १७ सम्म हुने निर्वाचनमा हुने जितले उहाँलाई कम्तीमा सन् २०३० सम्म क्रेमलिनमा बस्न अनुमति दिनेछ । यो १८ औँ शताब्दीमा क्याथरिन दि ग्रेटपछि कुनै पनि रुसी नेताको तुलनामा उहाँको शासन अवधि लामो हो ।

“आजको निर्वाचनमा भाग लिनु भनेको देशभक्ति भावनाको अभिव्यक्ति हो,” पुटिनले भन्नुभयो । उहाँले युक्रेनबाट हालै कब्जा गरिएका चार क्षेत्रका साथै सन् २०१४ मा मस्कोले कब्जा गरेको क्रिमिया प्रायःद्वीपमा पनि मतदान हुने बताउनुभयो ।

रुसी नेताले भन्नुभयो, “मोर्चामा हाम्रा लडाकुहरूले पनि मतदान गर्नेछन्, उनीहरूले साहस र वीरता प्रदर्शन गर्दै मातृभूमिको रक्षा गर्नेछन् र निर्वाचनमा भाग लिएर हामी सबैका लागि उदाहरण स्थापित गर्नेछन् ।” निर्वाचन पूर्वकेजीबीका एजेन्ट (पुटिन) का लागि अत्यधिक आत्मविश्वासको समयमा आएको छ ।

# ईयूले युक्रेनलाई सैन्य सहायताका लागि पाँच अर्ब युरो दिने

ब्रुसेल्स, १४ मार्च (एएनआई) । युरोपेली सङ्घ (ईयू) युक्रेनलाई सैन्य सहयोगका लागि पाँच अर्ब युरो (पाँच अर्ब ४८ करोड अमेरिकी डलर) प्रदान गर्न सहमत भएको अल जजिराले बताएको छ । यो ईयूले सञ्चालन गरेको सहायता कोषको सुधारको भाग हो ।

युक्रेनको सेना रुसको आक्रमणविरुद्ध लडिरहेकोले युक्रेनलाई सैन्य सहयोग गर्ने कदममा ईयूले युक्रेनलाई विजयी बनाउन हरसम्भव सहयोग गर्ने बताएको छ । ईयूका विदेश मामिला तथा सुरक्षा नीतिका वरिष्ठ प्रतिनिधि जोसेप बोरेलले भन्नुभयो, “हामी युक्रेन असिस्टेन्स फन्डमा सहमत भएका छौँ, यो फन्डले युक्रेनलाई थप पाँच अर्ब युरोसँगै सैन्य समर्थन बढाउन हामीलाई अनुमति दिन्छ, सन्देश स्पष्ट छ, हामी युक्रेनलाई हरसम्भव सहयोग गर्नेछौँ ।”

अल जजिराका अनुसार ईयूका २७ सदस्य मुलुकका राजदूतहरूले महिनौँको तर्कवितर्कपछि बुधबार ब्रुसेल्समा भएको एक बैठकमा युरोपेली शान्ति सुविधा ( ईपीएफ) कोषको समग्र सुधारमा सहमति व्यक्त गरेका छन् । यसमा ईयूका ठुला मुलुक फ्रान्स र जर्मनी बहसको केन्द्रमा थिए ।

ठुलो नगद-फिर्ता योजनाका रूपमा सञ्चालित उक्त कोषले ईयूका सदस्य र अन्य मुलुकमा युद्ध सामग्री पठाउन ‘रिफन्ड’ दिनेछ । युरोपेली रक्षा उद्योगहरूको बलियो प्रवर्द्धक फ्रान्सले ‘रिफन्ड’ का लागि सक्षम हतियार खरिद गर्दा बलियो ‘युरोपेली खरिद गर्नुहोस्’ नीतिमा जोड दिएको थियो । यद्यपि, अल जजिराका अनुसार अन्य मुलुकले यस्तो प्रकारको आवश्यकताले विश्वभरबाट युक्रेनको लागि चाँडै हतियार खरिद गर्ने प्रयासमा अवरोध गर्ने तर्क दिएका छन् ।

जर्मनी अहिलेसम्म युरोपमा युक्रेनलाई सैन्य सहायता दिने सबैभन्दा ठुलो द्विपक्षीय दाता रहेको छ र उसले कोषमा मुलुकहरूको वित्तीय योगदानको आकार निर्धारण गर्दा द्विपक्षीय सहयोगलाई ध्यानमा राख्नुपर्ने बताएको छ । अन्ततः ‘युरोपेली खरिद’ नियमहरूमा खुकुलोपनलाई अनुमति दिएर सदस्यहरूको वित्तीय योगदानको गणना गर्दा द्विपक्षीय सहायताको मूल्यको अंशलाई ध्यानमा राखेर सम्झौता भएको कूटनीतिज्ञहरूले बताएका छन् ।

युक्रेनका विदेशमन्त्री दिमित्रो कुलेबाले भन्नुभयो, “यो हाम्रो साझा विजय हासिल गर्न युरोपेली एकता र दृढ सङ्कल्पको अर्को शक्तिशाली र समयसापेक्ष प्रदर्शन हो । हामी अर्को ईयू विदेश मामिलाको परिषद् बैठकमा स्वीकृत हुने अन्तिम निर्णयको प्रतीक्षामा छौँ ।”

## विश्व सङ्क्षेप

# सिङ्गापुरमा ८८ हजारभन्दा बढी नयाँ रोजगारी सिर्जना

सिङ्गापुर, १४ मार्च (सिन्ह्वा) । सन् २०२३ मा सिङ्गापुरको कुल रोजगारी ८८ हजार ४०० ले वृद्धि भएको श्रम मन्त्रालयले बिहीबार सार्वजनिक गरेको श्रम बजार प्रतिवेदनले देखाएको छ ।

नयाँ रोजगारीको अवसर पाउनेमध्ये ८३ हजार ५०० गैरआवासीय र चार हजार ९०० स्थानीय रहेका छन् ।

सिङ्गापुरका बासिन्दाहरूको लागि अधिकांश नयाँ रोजगारीको अवसर निर्माण, विनिर्माण र वित्तीय सेवाजस्ता उच्च-भुक्तानीका क्षेत्रमा रहेको देखिएको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनअनुसार सन् २०२३ को डिसेम्बरसम्ममा सिङ्गापुरमा आप्रवासी घरेलु कामदारबाहेक अन्य ३७ लाखभन्दा बढी कामदार कार्यरत छन् ।

सन् २०२२ मा छ हजार ४४० रहेको व्यक्तिको रोजगारी कटौती भएकोमा सन् २०२३ मा यो सङ्ख्यामा वृद्धि भई १४ हजार ५९० पुगेको छ । गत वर्ष सिङ्गापुरको दीर्घकालीन बेरोजगारी दर ०.७ प्रतिशतमा स्थिर रहेको थियो ।

# चिनियाँ उत्पादनमा मूल्यवृद्धि

पेइचिङ, १४ मार्च (सिन्ह्वा) । चीनको तथ्याङ्कीय अधिकारीहरूले अनुगमन गरेका अधिकांश पुँजीगत वस्तुमा फेब्रुअरीको अन्त्यको तुलनामा मार्चको सुरुमा उच्च मूल्य देखिएको सरकारी तथ्याङ्कले बिहीबार देखाएको छ ।

स्टिल ट्युब, पेट्रोल, कोइला, मल र केही रसायनसहित नौ श्रेणीमा वर्गीकरण गरिएका ५० प्रमुख वस्तुमध्ये २७ वस्तुमा यस अवधिमा उच्च मूल्य देखिएको, २१ वस्तुको मूल्य घटेको र दुई उत्पादनको मूल्य यथावत् रहेको राष्ट्रिय तथ्याङ्क विभागले जनाएको छ ।

यस अवधिमा सुँगुरको मासुको मूल्य ४.४ प्रतिशतले बढेको तथ्याङ्कले देखाएको छ ।

हरेक १० दिनको अन्तरालमा सार्वजनिक हुने यो तथ्याङ्क देशभरका ३१ प्रान्तीयस्तरका क्षेत्रका करिब दुई हजार थोक बिक्रेता तथा वितरकको सर्वेक्षणमा आधारित छ ।

# टिकटकमाथि प्रतिबन्ध लगाउने विधेयक अमेरिकी सदनबाट पारित

वासिङ्टन, १४ मार्च (एएफपी) । टिकटकले आफ्नो चिनियाँ मूल कम्पनीसँग सम्बन्धविच्छेद गर्न वा संयुक्त राज्य अमेरिकामा प्रतिबन्धको सामना गर्नुपर्ने विधेयक अमेरिकी संसद्को तल्लो सदन हाउस अफ रिप्रेजेन्टेटिभ्सबाट बुधबार पारित भएको छ ।

भिडियो साझा गर्न मिल्ने र १७ करोड अमेरिकी प्रयोगकर्ताले प्रयोग गर्दै आएको चिनियाँ एप टिकटकका लागि यो कानुनले ठुलो धक्का दिने विश्लेषकहरूले बताएका छन् ।

टिकटकले विश्वभर लोकप्रियतामा वृद्धि गरेको छ तर यसको चिनियाँ स्वामित्व र पेइचिङमा कम्युनिस्ट पार्टीको सम्भावित अधीनले विश्वसामु चिन्ता पैदा गरेको छ ।

टिकटकका विषयमा राजनीतिकरूपमा विभाजित वासिङ्टनमा एकताको दुर्लभ क्षण सिर्जना भएको छ । सांसदहरूले प्रस्तावित कानुनको पक्षमा ३५२ र विपक्षमा ६५ मत दिएका छन् ।

रिपब्लिकन र डेमोक्रयट दुवैले चुनावी वर्षमा टिकटकका भावुक युवा प्रयोगकर्ताहरूको क्रोधको जोखिम उठाएपछि एप प्रयोगको विपक्षमा आएको चेतावनीले धेरैलाई आश्चर्यचकित पारेको छ । अमेरिकी निर्वाचनमा युवाहरूको भावना र भूमिकालाई महत्त्वपूर्ण मानिन्छ ।

टिकटकको मूल कम्पनी बाइटडान्सले १८० दिनभित्र एप बिक्री गर्न वा अमेरिकामा एप्पल र गुगल एप स्टोरबाट प्रतिबन्धित बन्नुपर्नेछ ।

# गत महिना फुकुसिमामा भएको चुहावट ‘सामान्य घटना’ : आईएईए

टोकियो, १४ मार्च (एएफपी) । जापानको फुकुसिमा आणविक केन्द्रमा गत महिना भएको चुहावट ‘एउटा सानो घटना’ भएको अन्तर्राष्ट्रिय आणविक ऊर्जा निकाय ( आईएईए) का प्रमुख राफेल ग्रोसीले बिहीबार बताउनुभएको छ ।

केन्द्रको सञ्चालन गर्दै आएको टोकियो इलेक्ट्रिक पावर कम्पनी (टेप्को) ले फेब्रुअरीको सुरुमा विकिरणजन्य पानीको एक हल्को प्रशोधनस्थलको एक भागबाट चुहावट भएको जनाएको थियो ।

सन् २०११ मा विनाशकारी मन्दीको चपेटामा परेको उक्त प्लान्टबाहिर प्रदूषणको कुनै सङ्केत नदेखिएको बताइएको छ ।

जापानको तीनदिने भ्रमणमा रहेका ग्रोसीले उक्त घटनालाई ‘केन्द्रको एक छेउबाट आएको हल्को’ को संज्ञा दिनुभएको थियो ।

उहाँले भन्नुभयो, “सुरुमा पाँच घनमिटर (पाँच हजार लिटर) पानी को अनुमान गरिएको उक्त पानीको मात्रा पछि संशोधन गरेर १.५ घनमिटर (एक हजार ५०० लिटर) भएको उल्लेख गरिएको थियो ।”

आईएईए प्रमुखले भन्नुभयो, “यो एउटा सानो घटना हो । यस्तो घटना ठुलो औद्योगिक स्थलमा हुनसक्छ, यसको कुनै ठुलो प्रभाव देखिँदैन ।”

प्रशान्त महासागरमा पानी छोडिएको बारेमा वातावरण प्रदूषित गरिएको भन्दै चीन र रूसले जापानले आलोचना गर्दै जापानी सीफुड आयातमा प्रतिबन्ध लगाएका छन् ।

# कतै तपाईँको खानाले छोराछोरीको मुटु र मिर्गौला बिग्रिरहेको त छैन !



✍ अरूणा उप्रेती

"मेरा छोराछोरी त खाना खानै मान्दैनन्, दुब्लाएर टाट भइसके, के गर्ने ? उनीहरूलाई त चक्लेट र आइसक्रिम मात्र भए पुग्छ !"

धेरै आमाबाबुले यस्तो गुनासो गरेको प्राय: सुनिन्छ । वास्तवमा यस्तो भन्ने घरमा समस्या केटाकेटीमा होइन, आमाबाबुको बानीमा देखिन्छ । जबसम्म आमाबाबुले आफ्नो बानीबेहोरा सुधार गर्दैनन्, तबसम्म केटाकेटीको खानासम्बन्धी बानीबेहोरा सुधार गर्न सकिँदैन ।

प्राय: बाबुआमाहरू आफ्ना केटाकेटीले पौष्टिक खानेकुरा खाऊन्, स्वस्थ रहून् भन्ने चाहना राख्छन् तर त्यसअनुसार गर्दैनन् । अनि केटाकेटीको खाने बानी बिग्रँदै जान्छ ।

प्राय: बालबालिकाको अरूले आफूलाई ध्यान दिऊन् भन्ने चाहना हुन्छ । यो चाहना उनीहरूले अनेक तरिकाले देखाउँछन् । बालबालिकाले खाना सम्बन्धमा देखाउने घुर्की पनि यही हो ।

गाउँघरका आमाबाबुलाई छोराछोरीलाई पुल्पुल्याउने फुर्सद नै हुँदैन । केटाकेटीहरूले प्राय: घरमा जे पाक्छ अरूसरह नै खाएका हुन्छन् । गाउँमा त ३-४ वर्षका बालबालिकाले भान्छामा सँगै बसेर आफैँ भात पनि खान्छन् । उनीहरूले आमाबाबुलाई 'भात खान्न केक खान्छु' भन्दैनन् ।

तर, सहरतिर भने प्राय: आमाहरूले केटाकेटीलाई घरको पौष्टिक अन्न आलु वा पिठोबाट बनाइएका खानेकुरा दिन छाडेर बट्टामा भएका खानेकुराहरू दिन्छन् ।

तर, आमाबाबुले यो थाहा पाउँदैनन् कि प्राय: बट्टाका महँगा खाना पनि चामल वा गहुँको पिठोबाट नै बनाइएको हुन्छ । यसमा चिनी मिसाएर गुलियो पारिएको हुन्छ ।

यसलाई बालबालिकाले बढी मनपराउने भएकोले यी खानेकुरा घरका भन्दा अत्यधिक महँगा हुन्छन् तर पौष्टिकचाहिं अचाक्ली कम नै प्राप्त हुन्छ ।

यसरी बालबालिकामा चिनी नहालेको खानेकुरामा रुचि कम हुँदै जान्छ । अनि एक/दुई वर्षको हुँदा त घरको खाना खाने बानी नै छुट्छ ।

बालबालिकाको यो प्रवृत्तिलाई हतोत्साही गर्नुको सट्टा अभिभावकले परिवारका सदस्य वा साथीहरूसँग 'यसले त घरको खाना खाँदैन, बजारबाट नै किनेर ल्याउनुपर्छ' भनेर गलत कुराको प्रोत्साहन बालबालिकालाई गर्छन् । मेरो खानाको विषयमा घरपरिवार चिन्तित छन् भन्ने विचार गर्दै आफूलाई महत्त्व दिएकोमा बालबालिका गर्व गर्छन् र त्यहीअनुसार झन्-झन् फुर्किंदै, बानी बिगार्दै जान्छन् ।

'यसले त हरियो साग मनै पराउँदैन' दाल खाँदै खाँदैन, आलु चिप्स मात्र खान्छ 'मेरी ७ वर्षकी छोरीले त फलफुल खान्न भन्छे' चक्लेट दियो भने खुसी हुन्छे ! मेरो छोराले जाउलो, खिचडी, रोटी त छ्या भन्छ प्याकेटको चाउचाउ खाजामा नभई स्कूल नै जान मान्दैन ! 'चिप्स र पिज्जा नभई मेरो बच्चा त पढ्नै मान्दैन !'

यस्ता कुराहरू घरपरिवार, बजारमा हिंड्दा, पार्टी, भोज, विवाह समारोहमा महिलाहरूले गरिरहेका हुन्छन्, त्यो पनि बच्चाकै अगाडि । फलत: बच्चाहरूले यही गर्छन् । यो बानी पछिसम्म रहन्छ र अस्वस्थकर खानामा नै रमाउन थाल्छन् ।

बाबुआमाहरू विचार गर्नुस् - चाउचाउ, चिप्स, कुरमुरे आदि दिंदा त्यसमा रहेको नुनले बालबालिकाको मिर्गौलामा नराम्रो असर पर्छ । बच्चालाई स्वस्थ रहन सिकाउने कि फुर्काएर, फोस्रो माया देखाएर मिर्गौला र मुटु बिगार्ने ?

अनि त स-साना बालबालिकादेखि लिएर किशोरकिशोरीले पनि सडक, बजार, स्कूल, क्याम्पस, पिकनिकमा विभिन्न थरीका चाउचाउ र चिप्सका प्याकेट लिएर मजा लिँदै खाएको देखिन्छ । बालबालिकालाई घरैको खाजा दिनुको सट्टा हातमा पैसा दिंदा उनीहरूको खानेबानी बिग्रन्छ । मैले त बजारका यस्ता खानेकुरालाई मन्दविष नै भन्ने गरेकी छु । तर, आमाबाबुले आफ्ना सन्तानलाई विस्तारै 'मन्दविष' दिएको पत्तै पाउँदैनन् !

**के गर्ने ?**


यसका लागि बालबालिकालाई घरको दालभात, तरकारी खाजा ख्वाउन सानैदेखि प्रेरित गर्नुपर्छ । जब उनीहरूलाई ठोस खाना ख्वाउन सुरु गरिन्छ तब बाहिरको खानेकुराको सट्टामा घरमै बनेका खानेकुरा नै ख्वाउनुपर्छ ।

७-८ महिनाको बच्चालाई लिटो, घरमा बनाइएको हलुवा, जाउलो, हरियो तरकारी, दालको झोल आदि खुवाउनुपर्छ । यस्तो बेलामा सुरुसुरुमा शिशुहरूले गाह्रो माने पनि बिस्तारै खान थाल्छन् । तर यसका लागि घरको मानिसमा धैर्य हुनुपर्छ । बच्चाले खान मानेन भनेर गुलियो हालिदिने वा बजारबाट ल्याएका प्याकेटका खानेकुरा दिइयो भने त उनीहरूको स्वास्थ्य र बानी दुवै बिग्रन्छ ।

'बजारका खानेकुरा नदिएर के गर्ने हो, अरू केही खाँदै खाँदैन लौ न कसरी काम चलाउने होला' भन्ने विचार गर्ने बाबुआमाले के बिर्सनुहुँदैन भने आजभन्दा ३०-४० वर्षअगाडि हाम्रो देशमा प्याकेटका खानेकुरा र बट्टाका महँगो गहुँ र चामलको पिठो नआउँदा घरमा बच्चाहरूलाई लिटो, जाउलो आदि बनाएर ख्वाउने गरिन्थ्यो । उनीहरू स्वस्थ पनि हुन्थे । पैसा पनि धेरै पर्दैनथ्यो । त्यसैले बच्चालाई बजारका महँगा खाना चाहिन्न ।

शिशुलाई विज्ञापनको भरमा नपरेर घरमै बनाएको खानेकुरा दिन जोड दिनुपर्छ । बजारका खानेकुरामा कुहिएको वस्तु हालेको छ भने पनि थाहा हुन्न र विष शरीरमा जान्छ ।

बालबालिकाले खानेकुरा खान समय लगाउँछन् भनेर जबरजस्ती कोच्याउने बानी गर्‍यो भने पछिसम्म पनि उनीहरूलाई त्यसैगरी ख्वाउने बानी बस्छ । कतिपय घरमा त १२-१३ वर्षको हुँदासम्म आमा, दिदी, बज्यै वा घरमा राखेका सहायक व्यक्तिले खुवाएको पनि देखिन्छ । यसले बच्चालाई खाँदा अरूको भरपर्ने बानी बस्छ । स्वतन्त्ररूपले खाने बानी विकसित हुन गाह्रो हुन्छ ।




सानैदेखि बच्चाले हरियो तरकारी थुक्ने, दाल देखे नाक खुम्च्याउने आदि गर्दा धेरै बाबुआमा हाँस्ने गर्छन् । 'बालबालिका त रमाइलो भयो होला' भन्ने विचारले झन्झन् यसै गर्दै जान्छन् र उनीहरूको बानी नै यस्तै हुँदै जान्छ । अनि ठुलो भएपछि मात्र बाबुआमा दिक्क मानेर भन्छन्, 'मेरो बच्चाले हरियो खाँदै खाँदैन !' अनि अस्पतालमा लगेर औषधि ख्वाउने सास्ती व्यहोर्छन् ।

त्यसैले घरमा भएका खानेकुरा दिँदा खानालाई थुक्ने, नाक खुम्च्याउने बानीलाई बढावा नदिने र खानेकुरा थुक्दा पहिलेदेखि नै त्यसो गर्न हुँदैन भन्ने कुरा कडा शब्दमा व्यक्त गर्नुपर्छ । सानैदेखि यस्ता बानी व्यहोरालाई रोकेपछि धेरै समस्या कम हुन्छ । बालबालिकालाई अनावश्यक रूपमा बजारका महँगा तर कम पोषण भएका खाना खाने बानी लाग्नबाट बचाउनुपर्छ । यसरी उनीहरूलाई कुपोषण हुने समस्याबाट पनि जोगाउन सकिन्छ ।

मेरा छोरीहरूलाई सानो छँदा खाना खुवाउँदै म भन्थेँ, "जे पाकेको छ त्यही खानुपर्छ, खान मन लाग्दैन भने उठेर गए हुन्छ, तर यो हरियो तरकारी र दाल खान्न, चाउचाउ र कुरमुरे खान्छु भन्न पाइँदैन ।" मेरो कडा बोलीले छोरीको अनुहार अँध्यारो भए पनि वास्ता गरिनँ । बिस्तारै मेरा छोरीहरूले बुझेकी आमालाई 'ब्ल्याकमेल' गर्न सकिन्न । भान्छामा जे पाकेको छ, त्यही नखाए भोकै परिन्छ । उनीहरूप्रति फोस्रो माया नदेखाएको हुनाले मेरा दुवै छोरी अहिले स्वस्थ, वयस्क नागरिक छन् । अहिले त उनीहरू घरको खाना मात्रै खान्छन्, बाहिर खाजा खाँदा पनि चना, चिउरा, आलु, सुक्खा रोटीको माग गर्छन् ।

अब उनीहरू मेरो अनुशासनबाट मुक्त भएका छन् । उनीहरूले आफैँले आफ्नो भोजनको अनुशासन बनाएका छन् । म उनीहरूको खानेबानी देखेर खुसी हुन्छु । सायद सानोमा उनीहरूलाई बढी माया देखाएर चाउचाउ र कुरमुरे दिएको भए उनीहरू अहिले मिर्गौला र मुटुको रोगी भइसक्थे कि !


बाबुआमाहरू विचार गर्नुस् - चाउचाउ, चिप्स, कुरमुरे आदि दिँदा त्यसमा रहेको नुनले बालबालिकाको मिर्गौलामा नराम्रो असर पर्छ । बच्चालाई स्वस्थ रहन सिकाउने कि फुर्काएर, फोस्रो माया देखाएर मिर्गौला र मुटु बिगार्ने ?

# 'अन्तरङ्गका तरङ्गहरू' पुस्तक र विमोचन कार्यक्रमबारे

✦ जे.पी. तिमिल्सिना

सोमबार बिहानको भोजनपछि घरमै आराम गर्ने विचारले अध्ययन कोठामा पत्रपत्रिका तथा किताबहरू मिलाउने र व्यवस्थितरूपले राख्दै थिएँ । त्यहीबेला मोबाइलमा घण्टी बज्यो । गरिरहेको कामलाई रोकेर फोन उठाएँ । फोनमा आदरणीय दाजु बजिरसिंह बिकले दिउँसो विशेष प्रकारको पुस्तक विमोचन कार्यक्रममा सहभागी हुन जाने खबर गर्नुभयो । प्रा. डा. पुरुषोत्तमलोचन श्रेष्ठद्वारा रचित 'अन्तरङ्गका तरङ्गहरू' पुस्तक विमोचन कार्यक्रम सञ्चित बचत तथा ऋण सहकारी संस्था भक्तपुरको आयोजनामा ख्वप इन्जिनियरिङ कलेज, लिबाली भक्तपुरमा फागुन २८ गते सोमबार दिउँसो १ बजे हुने जानकारी भयो । विभिन्न बौद्धिक व्यक्तित्वहरूको गरिमामय उपस्थितिमा हुने उक्त कार्यक्रममा सहभागी हुने अवसर पाएकोमा खुसी हुँदै मेरो बसाइँ गरेको स्थान ब्रह्मायणीबाट ख्वप अस्पतालको अन्तरङ्ग सेवा विभाग हुँदै बागीश्वरी स्कूल नजिकै पुगेँ । गाडीहरूले खचाखच भएको च्याम्हासिंह चोकमा आदरणीय दाजुहरू शिवलाल डांगी, बजिरसिंह बिक, भवानी ज्ञवाली, नन्दबहादुर शाही, कलबहादुर सिजापती मेरो पर्खाइमा बस्नुभएको थियो । आपसमा अभिवादन गर्दै हामी भित्री बाटो हुँदै ख्वप इन्जिनियरिङ कलेजतिर लाग्यौँ । भक्तपुर नगरपालिकाले प्लानिङ गरेको कलेज आसपासको सुन्दर सहरको दृश्य केलाउँदै सडकको दायाँबायाँ किनारा, सडक पेटी, ढल निकासको व्यवस्था तथा सडकको वातावरणीय पक्षहरूको मिहीनरूपले अवलोकन गर्दै कलेजभित्र प्रवेश गर्‍यौँ ।

इन्जिनियरिङ कलेजमा पस्ने बित्तिकै कला, संस्कृति र सम्पदाको सचित्र देख्न पाइयो । धेरै वर्षपहिल्यै वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छैं (रोहित) ले 'सय वर्षपछिको भक्तपुर' मा परिकल्पना गरेको दृश्यले छिटो नै साकार रूप लिन थालेको भान हुन्थ्यो । कलात्मक शैलीमा बनाएको कलेजको बाहिरी सेरोफेरो, सुन्दर कृत्रिम पानीको फोहोरा, वरिपरिको हरियालीपन, कलेज प्रवेशद्वारमै सम्पूर्ण इन्जिनियरिङ कलेजका सबै पक्षहरू छर्लङ्ग देख्न र बुझ्न सक्ने गरी निर्माण गरेको त्रिआयामिक गुरुयोजनाले धेरै विषयवस्तुको जानकारी पाइयो । कार्यक्रममा सहभागी हुन जनप्रतिनिधि, प्राध्यापक, शिक्षकशिक्षिका, कर्मचारी, बुद्धिजीवी, राजनीतिज्ञ, पत्रकार, विद्यार्थी तथा सर्वसाधारणको सहभागिता थियो । धेरै जना आत्मीय मित्र, मान्यजन, सहपाठी साथीहरूसँग भेटघाट र भलाकुसारी भयो । इन्जिनियरिङ कलेजले परम्परागत शैली र ढाँचामा निर्माण गरेको सभाहल खचाखच भरिएको थियो । सानो चिटिक्क परेको, सुन्दर र कलात्मक मञ्च जमिनको सतह नजिकै थियो भने सहभागीहरू बस्नको लागि जमिनको सतहबाट क्रमश: अग्लो हुँदै गरेको सजिलैसँग आवतजावत गर्न मिल्ने गरी कलात्मक शैलीमा सभाहल बनाइएको थियो । प्रत्येक टेबुलमा खानेपानी राखिएको थियो । सबै सहभागीलाई सजिलोसँग सुन्न मिल्ने गरी साउन्ड सिस्टम मिलाइएको थियो । सभाहलमा सहभागीहरू प्रवेश गरिरहँदा सुमधुर सङ्गीतले वातावरण गुञ्जायमन थियो । सहभागी वृद्धवृद्धा, युवा र केटाकेटी सबैका अनुहार हँसिला, फूर्तिला, जोसिला र रसिला देखिन्थे । पुस्तक विमोचन कार्यक्रममा सभापतित्त्व योगेन्द्र प्रधानाङ्गले गर्नुभएको थियो भने प्रमुख अतिथिमा वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छैं (रोहित) र विशिष्ट अतिथिमा नगर प्रमुख सुनिल प्रजापति हुनुहुन्थ्यो । अन्य अतिथिमा बौद्ध विश्वविद्यालयका पूर्वउपकुलपति प्रा. डा. त्रिरत्न मानन्धर, प्रा. डा. हेमन्तशमशेर राणा, वरिष्ठ साहित्यकार भरतमणि जङ्गम, प्रा. डा. सर्वज्ञभक्त माथेमा, डा. सुनिल ताम्राकार, वरिष्ठ पत्रकार दीक्षित, पूर्वन्यायाधीश गौरीबहादुर कार्की, अर्थविद् निरन्जनकुमार डा. राजनलाल जोशीलगायत महत्त्वपूर्ण मुर्धन्य व्यक्तिहरू हुनुहुन्थ्यो । नेपाल मजदुर किसान पार्टी तथा वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छैंको




आदर्श, नैतिकता, इमानदारिता, अध्ययनशीलता, कार्यकुशलता, कला, संस्कृत र सम्पदाप्रतिको लगावलाई सबैले हृदयदेखि नै प्रशंसा गरिएको थियो । नेपाल सरकार, पुरातत्त्व विभाग, प्रज्ञा प्रतिष्ठानले गर्ने खोज अनुसन्धान र कृति प्रकाशन गर्ने काम सञ्चित तथा बचत सहकारीले गरेकोमा सबैले मुक्तकण्ठबाट सहकारीको प्रशंसा गरेको देखियो । यस 'अन्तरङ्गका तरङ्गहरू' पुस्तकको समीक्षा डा. राजनलाल जोशी र साहित्यकार सूर्य लाकोजुले गर्नुभएको थियो ।

कला, संस्कृति र सम्पदा भनेको कुनै पनि देशको अस्तित्त्वका आधार हुन् । आफ्नो देशको भूगोल, कला, इतिहास र संस्कृतिको विषयमा अध्ययन गर्नु वा जानकार हुनु हरेक सचेत नागरिकको कर्तव्य हो । तर, विडम्बना ! पछिल्लो समयमा यसप्रति चासो राख्ने मानिसहरूको सङ्ख्या दिनानुदिन घट्दै छ । हाम्रो विश्वविद्यालयमा भूगोल, इतिहास र कला संस्कृति विभागमा विद्यार्थी सङ्ख्या शून्यको अवस्थामा पुगेको सुनिन्छ । यस्तो अवस्थामा ४०/५० वर्ष लामो खोज अनुसन्धानबाट इतिहास, कला, संस्कृति, सम्पदाका बारेमा प्रा. डा. पुरुषोत्तमलोचन श्रेष्ठले तयार पार्नुभएको यस 'अन्तरङ्गका तरङ्गहरू' पुस्तकले लेखकलाई देश विदेशमा चिनाउने काममात्रै नगरेर यसले त हाम्रो गौरवपूर्ण इतिहास, कला, संस्कृति र पुरातत्त्वलाई देश तथा विदेशमा चिनाउन कोसेढुङ्गाको काम गर्नेछ । यस पुस्तकले नेपालको कला, संस्कृतिबारे बुझ्न, विदेशी लेखकका लेख तथा पुस्तक अध्ययन गर्ने बाध्यताको अन्त्य गर्नेछ । यस पुस्तकले इतिहासको पानामा लोप भइसकेका नेपालको मल्लकालीन समयका सभ्यता, कला, संस्कृति, रहनसहन, रीतिथिति, चालचलन तथा विभिन्न परम्परा तथा परिवेशलाई प्रकाशमा ल्याउन महत्त्वपूर्ण भूमिका खेल्नेछ । यो पुस्तक हाम्रो कला, संस्कार, सभ्यता, संस्कृतिको बारेमा चासो राख्नेहरूको लागि अमूल्य उपहार हुनेछ ।

१०१ वटा शीर्षकमा भक्तपुरका सम्पदा, अभिलेख, दरबार, इनार, जात्रा, गीत, लोकगीत, विभिन्न मन्दिरका तथ्य कुरा, विभिन्न नाचगान, देवीदेवता, विभिन्न समयका मुद्रा, पोखरी, पाटीपौवा, मूर्त अमूर्त सम्पदा, मन्दिरका टुँडाल, ऐतिहासिक शिलालेख, ताम्रपत्र आदिबारे पुस्तकले सम्पूर्ण पाठकलाई पूरा खुराक दिएको छ । यहाँका जात्रा, चाडपर्व, नाचगान तथा पोखरी र दरबारका विशेषता तथा भित्तेचित्र, भित्तेलेखनबारे बुझ्न पनि पुस्तक उपयोगी देखिन्छ । यसका अतिरिक्त विभिन्न राजाका सालिक, गुठी, गढीबारे पनि पुस्तकले थुप्रै कुरा बाहिर ल्याएको छ । यस्तो महत्त्वपूर्ण कृतिका लेखक तथा प्रकाशक दुवैप्रति इतिहासबारे जान्न चाहने हरेक व्यक्ति ऋणी हुने कुरामा दुईमत नहोला ।

११६८ पेजमा विभिन्न शीर्षकका १०१ ओटा मुख्य लेख रचना विषयसूची, शुभकामना मन्तव्य, प्रकाशकीय, लेखकीय रहेको आकर्षक हार्ड कभर भएको यस पुस्तकको मूल्य रु. ५००० (पाँच हजार) पुस्तकमा प्रस्तुत विषयवस्तुको गम्भीरता, गहनता र वैभवतालाई हेर्दा र लेखकको मेहनत देख्दा धेरै होइन । अझै पुस्तक विमोचनको अवसरमा ४० प्रतिशत छुट दिएकोमा अधिकांश सहभागीलाई सहुलियत मूल्यमा एकप्रति सुरक्षित गर्ने अवसर प्राप्त भयो । यो पुस्तकको मूल्य व्यक्तिगत र संस्थागत फरकफरक भए सर्वसाधारण थप राहत हुने थियो । अन्तमा, लेखकलाई आगामी दिनमा देश र जनताको हितमा थप पुस्तक लेख्ने हौसला मिलोस् ।

के..
कम गर्ने नीति अपनाउन मित्र देशहरूको सहयोग लिनु जरुरी छ ।

सत्ता गठबन्धन परिवर्तन भएपछि पुरानो सरकारको सिद्धान्त र प्राथमिकतामा छलफल गर्नु उययुक्त हुँदैन । के नेकाको आर्थिक नीति नै एमालेको आर्थिक नीति हो र ? भन्ने प्रश्न उठ्न सक्छ । यसकारण, सरकारले बजेटको नयाँ सिद्धान्त र प्राथमिकता ल्याउनु जरुरी छ ।

भारतमा अङ्ग्रेज सरकारको बेला भारतीय जनताले न्याय पाएका थिएनन् । नेपालका शासकहरू विगतमा साम्राज्यवादको पछि लागेको हुँदा नेपालको अस्तित्व खतरामा परेको हो । सन् १९५४ मा नेपालको परराष्ट्र नीति भारतको परराष्ट्र नीतिद्वारा सञ्चालित हुने भन्ने विषयमा शासक दलहरू सहमत भए । यसको निरन्तरता अहिलेसम्म हुनु देशको हितमा छैन ।

नेपालका प्रधानसेनापतिले नेपाल-भारत खुला सिमानामा चुनौती भएको उठाउनुभएको छ । नेपाल- भारत दुवै देशको हितको निम्ति खुला सीमा बन्द गर्नेतर्फ नेपाल सरकारले भारत सरकारसँग छलफल गर्नु जरुरी छ ।

*(२०८० चैत १ गते नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले प्रतिनिधिसभा बैठकको विशेष समयमा राख्नुभएको मन्तव्यको सार-सं)*

**६० वर्ष नाघेका मजदुर र किसानलाई निजामतीसरह निवृत्तिभरणको व्यवस्था किन भएन ?**

विधेयकमा कर्मचारीहरूको निवृत्तिभरण, उपदान, अवकाश हुने उमेर ६० वर्ष पुऱ्याउने विषय छन् । उद्योगी-व्यापारी, कर्मचारी, प्रधानमन्त्री, मन्त्री सबैको लागि सन्तुलित आहार उत्पादन गर्ने किसान र मजदुरलाई पनि ६० वर्ष नाघेपछि निजामती कर्मचारीसरह निवृत्तिभरणको व्यवस्था किन भएन ? देश र जनताको इमानदारीपूर्वक सेवा गर्नु नै राजनीति हो । यस्तो राजनीति कर्मचारीलाई पनि गर्न दिनुपर्छ । प्रधानमन्त्री, मन्त्री वा कुनै सार्वजनिक पदमा बसेकाहरूबाट अनियमितता र भ्रष्टाचार भयो भने वा उद्योगी-व्यापारीबाट, कालोबजारी भयो भने कर्मचारीले विरोध गर्न पाउनुपर्दछ । देशको सिमाना मिचिएको, कुनै सन्धिले देशको हित नगरेको लगायत देश र जनताको हितका विषय कर्मचारीले बोल्न पाउनुपर्छ । राजनीति भनेको पक्षपात र भ्रष्टाचार होइन । राजनीति भनेको देश र जनताको इमानदारीपूर्वक सेवा हो । कर्मचारीले देश र जनताको सेवा गरेकोलाई राजनीति गरेको आरोप लगाउन मिल्दैन ।

देशको सुशासन र छिटो विकासको लागि सङ्घीय सेवामा देशभरिका नागरिक, प्रदेश सेवामा प्रदेशका नागरिक र स्थानीय तहको सेवामा स्थानीय तहका नागरिकलाई सम्बन्धित तहबाट नियुक्ति हुने व्यवस्था गर्नुपर्छ । सङ्घका प्रम, मन्त्रीले प्रदेशको र स्थानीय तहको अधिकार खोस्न मिल्दैन ।

राजस्वको ४० प्रतिशत तीन तहका कर्मचारीको प्रशासनको लागि खर्च र ६० प्रतिशत विकासको लागि खर्च गर्ने व्यवस्था हुनुपर्दछ । राजस्वले नपुग्ने गरी प्रशासनिक खर्च गर्नु देशको हितमा छैन । सरकारको सार्वजनिक ऋण २४ खर्ब छ । देशलाई ऋणमा डुबाउनु बेच्नुसरह हो । तलबले नपुग्ने भए महँगी नियन्त्रण गर्नु आवश्यक छ ।

विकास निर्माणको काम अमानत वा उपभोक्ता समितिबाट गर्नुपर्छ । सरकार र समुदायले गर्न नसकेको काम एउटा निजी कम्पनीले गर्न सक्ने ठान्नु गलत हो । यो ठेक्का निजी कम्पनीलाई दिएर कमिसन खाने हो । सरकार आफैँले काम गरेर देखाउनु जरुरी छ ।

कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, अरुण तेस्रो, माथिल्लो अरुण, किमाथाङ्का अरुण, तल्लो अरुणमा चुप भएजस्तै नेपालको हितविपरीत अबका सन्धि सम्झौतामा कर्मचारी चुप लागेर बस्नुपर्ने यो विधेयक देशको हितमा छैन । एमसीसी सम्झौतामा कर्मचारीले बोल्न नपाएको हुँदा बहुमतबाट पारित गरियो । यो सम्झौता खारेज गर्नुपर्छ ।

अव्यवस्थित बसाइँसराइको कारण सङ्घीय राजधानी काठमाडौँ र प्रदेशका राजधानीमा सडक जाम, फोहोरमैलाको प्रदूषण, नदीनाला प्रदूषण, फोहोर ढलको समस्या बढ्दो छ । काठमाडौँका जनतामा फोक्सो, क्यान्सर र मुटु रोगहरू देखिएका छन् । वाग्मती, विष्णुमती, मनोहरा, हनुमन्तेलगायत १८ वटा खोलाको अवस्था अहिले प्रदूषित छ । खोला छेउमा ४ आना जग्गा किनेर ४ रोपनी घेरा हाल्न बसाइँसराइ गर्नेहरूले गर्दा यस्तो समस्या आएको हो । चुनावमा आफ्नो निर्वाचन क्षेत्रलाई 'स्वर्ग' बनाइदिन्छु भनेर जनता झुक्याउनेहरूको घर सङ्घ या प्रदेशको राजधानीमा निर्माण भइरहेको छ । यसरी देशको सन्तुलित विकास हुँदैन । जनप्रतिनिधिले आ-आफ्नै जिल्लामा घर बनाएर विकास गर्नुपर्दछ । आफ्नो जिल्ला छोडेर सङ्घ वा प्रदेशको राजधानीमा घर बनाउनेहरूको घर राष्ट्रियकरण गर्नु आवश्यक छ ।

साहित्यकार अर्जुन पराजुलीले कविता लेख्नुभयो- 'गाउँ जाइँदैन सहरै बस्ने, कुहिएको भए पनि गाजर यही पाइन्छ, यहीँ खाने' भनेजस्तै प्रधानमन्त्री, मन्त्रीहरू सहरमा बसाइँसराइ भइरहेका छन् । यो अराजकतालाई सच्याउने विधेयकमा आउनु जरुरी छ । जनप्रतिनिधिहरू काठमाडौँ आएर कुहिएको गाजर नखानुहोला, सफा गाजर आ-आफ्नै निर्वाचन क्षेत्रमा बसेर खानुहोला ।

*(२०८० चैत १ गते प्रतिनिधिसभाको बैठकमा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले सङ्घीय निजामती सेवा विधेयक, २०८० लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथिको विरोधको सूचनामा राख्नुभएको सङ्क्षिप्त वक्तव्यको सार-सं)*

**सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भानुभक्त जोशीको जवाफ**

हामीले ६० वर्ष पुगेका दलितलाई भत्ता दिने, कर्णालीका कतिपय ठाउँमा भत्ता दिने भनेकै छौँ । यहाँले उठाउनुभएको किसान र मजदुरलाई निवृत्तिभरण दिने विषय सुझावको रूपमा लिने नै छौँ । सङ्घ, प्रदेश र स्थानीय तहमा तत् ठाउँका नागरिकले मात्र सेवा प्रवेश पाउनुपर्ने विषय नेपालको संविधानको धारा २३३ ले स्वीकार गर्दैन ।

**विदेशी स्वार्थसँग जोडिएका कर्मचारी, मन्त्रीलगायतसँग सतर्क हुनुपर्छ**

संविधानमा नागरिकको कर्तव्यमा सार्वजनिक सम्पत्ति संरक्षण गर्ने लेखिएको छ । तर, यो विधेयकमा अनुमति प्राप्त नागरिकलाई सार्वजनिक सम्पत्ति दोहन गर्ने अधिकार दिइएको छ । जलविद्युत् परियोजनाको नाममा नेपालको नदीनाला भारतीय एकाधिकार पुँजीको कब्जामा दिइएको छ । विधेयकको प्रावधानले निर्माणमुखी सामग्रीको व्यवस्थापन तथा नियमनको नाममा चुरे क्षेत्र, राष्ट्रिय निकुञ्ज क्षेत्र, सिमसार क्षेत्र, संरक्षण क्षेत्र, वन्यजन्तु आरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रको खनिजसमेत दोहन हुनेछ । नेपालमा धेरै अगाडिदेखि वन मन्त्रालय छ तर चारकोसे झाडी र हरियो वन तस्करको धनजस्तै भयो । यो विधेयक पनि त्यस्तै हुनेछ ।

विधेयकमा क्रसर उद्योग दर्ता गर्ने, ढुङ्गा फोड्ने, पहाड फोड्ने विषय आएको छ । क्रसरसँग त गृहमन्त्रीको कमिसनमा नाम जोडिएको समाचार छ । अब यसमा कुन मन्त्रीको नाम जोडिने हो ? सिमेन्ट कङ्क्रिटबाट 'रोडन' ग्यास निस्कन्छ । यसले अक्सिजन ग्यासलाई खान्छ । हाम्रो भूगोलअनुसार काठको भवन निर्माण गर्नु वातानुकुलित हुन्छ । काठैकाठले निर्माण भएको ३०० वर्ष अगाडिको पाँचतले मन्दिर तीन वटा ठुला भूकम्पमा समेत ठुलो असर परेन ।

उत्खननको लागि वातावरणीय अध्ययन प्रतिवेदन त गठबन्धन सरकार बनाउन सहमतिको बुँदाजस्तै बनाइएको हो ।

यो विधेयकमा पुल र झोलुङ्गे पुलको १ किलोमिटर तल ५०० मिटर माथि उत्खनन गर्न नपाउने लेखिएको छ । बालुवा निकाल्दा थापाथलीको पुल र पेप्सीकोलाको पुल भासिएको थियो । पुल बनाउन राजस्वबाट करोडौँ करोड खर्च भो, ठेकेदारले ५०/६० लाख कमाए होलान्, तर देशलाई ठुलो हानि भयो ।

विधेयकमा सुराकीलाई पुरस्कार दिइने विषय उल्लेख छ । सुराकीलाई पुरस्कारको अर्थले विधेयकले प्राकृतिक स्रोत दोहनको बाटो खोलेको र त्यसैले सुराकीको व्यवस्था गरिएको प्रस्ट हुन्छ ।

भारतका विद्वान साहित्यकार राहुल साङ्कृत्यायनले बेलायती भारतबारे लेख्नुभएको थियो -भारतका न्यायाधीशले धनीको पक्ष लिए, जमिनदारले किसानको पक्ष लिएन, उद्योगी-व्यापारीले मजदुरको पक्ष लिएन ।

अङ्ग्रेज भारतमा अदालतले गरिब भारतीयलाई 'शान्ति भङ्ग गऱ्यो' भनेर दोषी ठहऱ्याएजस्तै नेपालमा पनि दोहनको विरुद्ध उजुरी दिनेलाई 'शान्ति भङ्ग गऱ्यो' भनेर थुन्ने छन् । यसकारण, उत्खननको अनुमति व्यक्तिलाई दिनुहुन्न, सरकार आफैँले गर्नुपर्छ । अनुमतिको अर्थ कमिसन हो ।

*(२०८० चैत १ गते प्रतिनिधिसभाको बैठकमा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक, २०८० माथिको छलफलको क्रममा राख्नुभएको मन्तव्यको सार-सं)*


## हार्दिक समवेदना



जन्म
१९८४/१०/०६

निधन
२०८०/११/२३

यस विद्यालयका पूर्वप्रधानाध्यापक नारायणबहादुर दुवालकी ममतामयी आमा **नानीबेटी दुवाल**को दुखद निधन भएको आज दशौँ दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछ ।

**गणेश माध्यमिक विद्यालय**
ननाबुँ, सुर्यविनायक नगरपालिका-८, भक्तपुर

## सर्वश्री बचत तथा ऋण सहकारी संस्था लि.
सू.न.पा-६,पाण्डोबजार, भक्तपुर, फोन नं. ०१-५०९२१४३

### आवश्यकता

यस सर्वश्री बचत तथा ऋण सहकारी संस्था लि.सूर्यविनायक नगरपालिका-६, पाण्डोबजारलाई निम्न उल्लेखित कर्मचारीहरूको पदपूर्ति गर्नुपर्ने आवश्यकता भएकोले योग्यता पुगेका उम्मेदवारहरूबाट आवेदन माग गरिन्छ ।

| क्र.स | पद | सङ्ख्या | शैक्षिक योग्यता | तालिम |
|---|---|---|---|---|
| १. | ऋण सहायक | १ | I.A/I.Com +२ वा सोसरह उत्तीर्ण | कम्प्युटरसम्बन्धी ज्ञान (नेपाली र अङ्ग्रजी टाइप गर्न सकिने) |

**पुनश्च** : अनुभवी तथा ड्राइभिङ लाइसन्स हुनेलाई विशेष ग्राहयता
**दर्खास्त आइपुग्नु पर्ने मिति** : २०८० चैत १७ गते **पदपूर्ति समिति**

## सिद्धि गणेश कर्नर
हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौँ ।

### ज्येष्ठ सदस्य सम्मान कार्यक्रमसम्बन्धी सूचना

यस संस्थाका ७० वर्ष पुगेका ज्येष्ठ सदस्य एवं बचतकर्ताहरूलाई देहायको मिति, समय र स्थानमा हुने **ज्येष्ठ सदस्य सम्मान कार्यक्रम**मा उपस्थित हुन सम्बन्धित सम्पूर्ण ज्येष्ठ सदस्यहरूलाई अनुरोध गरिएको छ ।

***कार्यक्रम***
**मिति** : २०७८/१२/५ गते, शनिबार
**समय** : बिहान ११:०० बजे
**स्थान** : संस्थाको तालिम हल, खँचा

पुनश्च : कार्यक्रममा स्वास्थ्य क्लिनिकबाट सामान्य स्वास्थ्य परीक्षण र जलपान तथा खाजाको पनि व्यवस्था हुनेछ । स्वास्थ्य वा अन्य कारणले उपस्थित हुन नसक्ने भएमा सम्बन्धित परिवारले संस्थामा जानकारी गराउनु होला ।

**सञ्चालक समिति**

### ४५ दिने मादल बजाउने तालिमसम्बन्धी सूचना

यस उपसमितिको आयोजनामा देहायअनुसारका समय र स्थानमा सञ्चालन हुने **४५ दिने मादल बजाउने तालिममा** सहभागी हुन इच्छुक सदस्य तथा सदस्य परिवारले **चैत ४ गतेभित्र नाम दर्ता** गराउन सूचित गराइन्छ ।

**तालिम**
**समय** : बेलुका ५:३० बजेदेखि ६:३० बजेसम्म
**स्थान** : संस्थाको तालिम हल, खँचा
**दर्ता शुल्क** : रु. ७००।-(सात सय) मात्र

**पुनश्च** : तालिममा बढीमा ३० जनामात्र सहभागी गराउने भएकोले पहिलो आउनेलाई पहिलो प्राथमिकता दिइनेछ ।

**युवा उपसमिति**

### कर्मचारी आवश्यकतासम्बन्धी सूचना

यस संस्थाका लागि आवश्यक कर्मचारी करारमा नियुक्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरूबाट **मिति २०८० चैत २ गतेभित्र** दर्खास्त आह्वान गरिएको छ ।

**विज्ञापन नं. १**
**पद** : बजार प्रतिनिधि, **सङ्ख्या** : १(एक), **न्यूनतम शैक्षिक योग्यता** : एस.एल.सी./एस.ई.ई उत्तीर्ण वा सो सरह, **परीक्षा** : अन्तर्वार्ता, **वान्छनीय योग्यता** : दुईपाङ्ग्रे सवारी चालक अनुमति पत्र भएको, **उमेर** : ४० वर्ष ननाघेको ।

***सम्पर्क मिति: २०८० चैत्र ४ गते, तलब स्केल : संस्थाको नियमानुसार***

**व्यवस्थापक**

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
चोर्चा-७, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्रायातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

## भक्तपुर नगरपालिका
### अन्तरनगर महिला कबड्डी प्रतियोगिता-२०८०
फागुन २९ गतेदेखि चैत्र ३ गतेसम्म

**क्वाटर फाइनल खेलतालिका**

| खेल नं. | विवरण | मिति | समय |
|---|---|---|---|
| २२ | भक्तपुर न.पा Vs पोखरा न.पा | २०८० चैत्र २ गते | बिहान ८:०० बजे |
| २३ | बुटवल उ.म.न.पा Vs पनौती न.पा. | २०८० चैत्र २ गते | बिहान ८:४५ बजे |
| २४ | मेलौली न.पा. Vs काठमाडौँ म.न.पा. | २०८० चैत्र २ गते | बिहान ९:३० बजे |
| २५ | भिमदत्त न.पा. Vs महाकाली न.पा. | २०८० चैत्र २ गते | बिहान १०:१५ बजे |

**सेमी फाइनल खेलतालिका**

| खेल नं. | विवरण | मिति | समय |
|---|---|---|---|
| २६ | खेल नं. २२ को विजेता Vs खेल नं. २३ कोविजेता | २०८० चैत्र २ गते | दिनको ३:०० बजे |
| २७ | खेल नं. २४ को विजेता Vs खेल नं. २५ कोविजेता | २०८० चैत्र २ गते | दिनको ४:०० बजे |

**फाइनल खेलतालिका**

| खेल नं. | विवरण | मिति | समय |
|---|---|---|---|
| २८ | खेल नं. २६ को विजेता Vs खेल नं. २७ को विजेता | २०८० चैत्र ३ गते | बिहान ८:०० बजे |


प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा